# सामुदायिक रेडियो

वर्ष १०    अंक १    २०७४ असार




## अकोराब
### संघीयतासँगै नयाँ संरचनामा

'सामुदायिक रेडियो स्थानीय तहको सञ्चार साथी'

– अध्यक्ष खतिवडा

# सामुदायिक रेडियो



अकोराब : संघीयतासँगै नयाँ संरचनामा

७







सामुदायिक रेडियो स्थानीय तहको सञ्चार साथी २४

एआईबीडीको १४औं सम्मेलन चीनमा ६१

राष्ट्रपतिसँग अकोराब टोलीको भेट १२

- संघीयता कार्यान्वयनको अगुवाइमा अकोराब . . . . . . . . . . . . . . . . . . . . . . . .१४
- सामुदायिक रेडियो प्रभावकारिता र चुनौती . . . . . . . . . . . . . . . . . . . . . . . .३२
- नेपाल जोड्दै भाषा र संस्कृति जोगाउँदै . . . . . . . . . . . . . . . . . . . . . . . . .३५
- कुरीतिविरुद्ध विशेष अभियान . . . . . . . . . . . . . . . . . . . . . . . . . .४१
- सामाजिक मुद्दाको अगुवाइ . . . . . . . . . . . . . . . . . . . . . . . . . .४२
- कुरीतिविरुद्ध सीआईएनसँगै सांसदहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . .४७
- महिनावारी : मौनता तोड्ने अभियानमा पुरुष . . . . . . . . . . . . . . . . . . . . . . . .४९
- खोज शृङ्खला : सडक सपना र समृद्धि . . . . . . . . . . . . . . . . . . . . . . . . .५२
- सीआईएन प्रभाव : विद्यार्थीले पढ्न र खान पाए . . . . . . . . . . . . . . . . . . . . . . .६०

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) द्वारा
प्रकाशित 'सामुदायिक रेडियो' का लागि


**सम्पादन संयोजक**
डा. रामचन्द्र लामिछाने

**सम्पादन मण्डल**
गोविन्द खड्का
दीपक आचार्य

**व्यवस्थापन**
बाबुराम खड्का

**लेआउट/प्रिन्टिङ**
मिडिया क्याफे
अनामनगर, काठमाडौं



**पत्राचारका लागि**
सामुदायिक रेडियो प्रसारक संघ (अकोराब)
चाकुपाट, ललितपुर,
पोष्ट बक्स : १९३२४ काठमाडौं, फोन : ५२६०६६१, ५२६०६७१
फोन/फ्याक्स : ५२६०६४६
इमेल : info@acorab.org.np, acorab@gmail.com, वेबसाइट : www.acorab.org.np


**अनुरोध**
देशभरका सामुदायिक रेडियोले गरेका गतिविधि हामीलाई पठाउनुस् । तपाईंका गतिविधि र क्रियाकलाप सामुदायिक रेडियो (न्युजलेटर) मा समावेश गर्नेछौं ।



# नयाँ संरचना




सीआईएन डे विशेष कार्यक्रम उद्‌घाटन गर्दै प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा ।



महोत्तरीको मुसहर बस्तीमा धुर्मुस-सुन्तरी फाउन्डेसनका
सीताराम कट्टेललाई रेडियो हस्तान्तरण गर्दै अकोराबको टोली ।

# अकोराब
## संघीयतासँगै नयाँ संरचनामा



## अध्यक्षमा खतिवडा निर्वाचित

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको १२ औं साधारणसभा तथा छैटौं अधिवेशनले सुवास खतिवडाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । राजधानी काठमाडौंको त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा २०७३ पुस २२ गते भएको साधारणसभामा मुलुकका भण्डै ३ सय रेडियो सञ्चालकहरूको सहभागिता थियो । कार्यक्रमको सूचना तथा सञ्चार मन्त्री सुरेन्द्र कार्कीले उद्घाटन गर्नुभएको हो ।

अधिवेशनमा अघिल्लो कार्यसमितिका कोषाध्यक्ष खतिवडाले १४२ मत ल्याई विजयी हुनु भएको छ । अध्यक्षका प्रत्यासी सोही कार्यसमितिका



धेरै भाषा र जातजातिका संस्कृतिलाई संरक्षण गर्ने सामुदायिक रेडियोको अभियानलाई अझै उच्चस्तरमा लैजान आवश्यक

वरिष्ठ उपाध्यक्ष किशोरजंग थापाले भने १ सय ३२ मत प्राप्त गर्नुभएको छ ।

अध्यक्षमा निर्वाचित भएलगत्तै खतिवडाले सबै प्रतिनिधिलाई धन्यवाद दिँदै सामुदायिक रेडियोको अभियानलाई उच्चस्तरमा पुऱ्याउन नयाँ कार्यसमिति लागि पर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले अरू सञ्चारमाध्यमको पहुँचभन्दा बाहिर रहेका नेपाली नागरिकलाई जोड्ने सूत्र सामुदायिक रेडियोमात्र भएकाले सबैलाई मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । धेरै भाषा र जातजातिका संस्कृतिलाई संरक्षण गर्ने सामुदायिक रेडियोको अभियानलाई अझै उच्चस्तरमा लैजान आफू नेतृत्वको कार्यसमितिले निरन्तर पहल गरिरहने पनि उहाँले बताउनु भयो ।

अधिवेशनले अर्जुन गिरीलाई वरिष्ठ उपाध्यक्षमा निर्वाचित गरेको छ । उहाँले १४० मत प्राप्त गर्नुभयो भने प्रतिद्वन्द्वी होम पाठकले १ सय ३० मत ल्याउनु भएको थियो । महिला उपाध्यक्षमा १ सय ३९ मतसहित शशिकला दाहाल विजयी हुनु भएको छ । उहाँका प्रतिद्वन्द्वी सविता अर्यालले १ सय २५ मतमात्र ल्याउनु भएको थियो । यस्तै १ सय ३२ मत ल्याएर निमेश कर्ण मधेसीतर्फबाट उपाध्यक्षमा विजयी हुनु भयो । उहाँका प्रतिद्वन्द्वी दिनेश्वर गुप्ताले १ सय २७ मत पाउनुभयो । जनजाति उपाध्यक्षमा

## नवनिर्वाचित कार्यसमिति

अध्यक्ष
**सुवास खतिवडा**

वरिष्ठ उपाध्यक्ष
**अर्जुन गिरी**

**उपाध्यक्षहरू**

| | |
|---|---|
| महिला- | शशिकला दाहाल |
| मधेस- | निमेष कर्ण |
| जनजाति- | अर्जुनकुमार राई |
| दलित- | भुवन सिंह (निर्विरोध) |

**महासचिव :** गोविन्द देवकोटा

**सचिव :** वन्दना दनुवार

**कोषाध्यक्ष :** लक्ष्मण खड्का

**केन्द्रीय सदस्य खुलातर्फ**

कपिलदेव खनाल विष्णु अवस्थी
टीकाजंग थापा ध्रुवराज ढकाल
शुक्रराज भण्डारी

**केन्द्रीय सदस्य समावेशीतर्फ**

महिला : धनलक्ष्मी शाह र ललिता कुश्मी
मधेसी : अजयकुमार यादव र रामभरोसी महतो
जनजातिः गणेशकुमार श्रेष्ठ र मिलन गाहा
दलित : पूर्णबहादुर विश्वकर्मा

**लेखा समिति**

संयोजक : भूमिराज चापागाई
सदस्यहरू : श्रीराम अधिकारी
देव अन्जान शाह

भने १ सय ३७ मतसहित अर्जुनकुमार राई विजयी हुनुभएको छ । उहाँका प्रतिद्वन्द्वी दीपक श्रेष्ठले १ सय २१ मत पाउनुभयो । दलिततर्फको उपाध्यक्षमा भुवन सिंह निर्विरोध चयन हुनुभयो । महासचिवमा विजयी हुनुभएका गोविन्द देवकोटाले १ सय ३६ मत पाउनुभयो । उहाँका प्रतिद्वन्द्वी पिताम्बर सिग्देलले १ सय २८ मत पाउनु भएको थियो । कोषाध्यक्षमा १ सय ३५ मतसहित लक्ष्मण खड्का विजयी हुनुभएको छ । उहाँका प्रतिद्वन्द्वी सुदर्शन खतिवडाले १ सय २९ मत पाउनुभयो । सचिवमा १ सय ४२ मतसहित बन्दना दनुवार विजयी हुनुभयो ।

प्रतिद्वन्द्वी तुला अधिकारीले १ सय १९ मतमात्र ल्याउनु भएको थियो । अधिवेशनले २९ सदस्यीय केन्द्रीय कार्यसमिति र ११ सदस्यीय ७ वटा प्रदेशस्तरीय समिति चयन गरेको छ ।

**प्रदेश अध्यक्षहरू :**

| | |
|---|---|
| प्रदेश नं. १ | बच्चुनारायण श्रेष्ठ, |
| प्रदेश नं. २ | अशोक दत्त |
| प्रदेश नं. ३ | कृष्णहरि घिमिरे |
| प्रदेश नं. ४ | शान्ति गुरुङ |
| प्रदेश नं. ५ | केपी घिमिरे |
| प्रदेश नं. ६ | रमेश गौतम |
| प्रदेश नं. ७ | दीर्घराज उपाध्याय |

अकोराबको अधिवेशनबाट खुला केन्द्रीय सदस्यतर्फ कपिलदेव खनाल, विष्णु अवस्थी, टीकाजंग थापा,

ध्रुवराज ढकाल, शुक्रराज भण्डारी विजयी हुनुभएको छ। महिला सदस्यमा धनलक्ष्मी शाही र ललिता कुश्मी निर्वाचित हुनुभएको छ। मधेसीमा अजयकुमार यादव र रामभरोसी महतो विजयी हुनुभयो। यस्तै जनजातितर्फ गणेशकुमार श्रेष्ठ र मिलन गाहा, दलिततर्फ पूर्णबहादुर विश्वकर्मा विजयी हुनुभएको छ।

## प्रदेश १

अध्यक्ष : बच्चुनारायण श्रेष्ठ
उपाध्यक्ष : चन्द्र कार्की
सचिव : लीला आचार्य
कोषाध्यक्ष : दीर्घबहादुर खत्री
सदस्यहरू : उपेन्द्रबहादुर बस्नेत
ईश्वरी पौडेल

## प्रदेश २

अध्यक्ष : अशोक दत्त
उपाध्यक्ष : प्रह्लाद साह
सचिव : फणि महत
कोषाध्यक्ष : प्रमिलाकुमारी चौधरी
सदस्यहरू : वैभव चौधरी
अच्युतकुमार सापकोटा
शम्भुकुमार यादव
सुरेशकुमार महतो
संगीता ज्ञवाली

## प्रदेश ३

अध्यक्ष : कृष्णहरि घिमिरे
उपाध्यक्ष : जीवन लामा
सचिव : बलराम श्रेष्ठ
कोषाध्यक्ष : दीपक लामा
सदस्यहरू : राजकुमार केसी
शर्मिला उप्रेती
रवीन्द्र अधिकारी
चेतनाथ न्यौपाने
शान्तराज शाक्य
सुरेशप्रसाद सैयजू
राजेन्द्रकुमार श्रेष्ठ

## प्रदेश ४

अध्यक्ष : शान्ति गुरुङ
उपाध्यक्ष : ओमकार आचार्य
सचिव : गुमानसिंह बुढाथोकी
कोषाध्यक्ष : पवन पौडेल
सदस्यहरू : अमित विश्वकर्मा
रत्नकुमार श्रेष्ठ
पदमबहादुर छन्त्याल
भक्तिप्रसाद तिमिल्सिना
तीर्थबहादुर केसी

## प्रदेश ५

अध्यक्ष : केपी घिमिरे
उपाध्यक्ष : राजु खराल
सचिव : संगीत बस्याल
कोषाध्यक्ष : कृष्णभक्त गिरी
सदस्यहरू : इन्द्रकुमार श्रेष्ठ
बालकृष्ण पाण्डे
पुरुषोत्तम सुवेदी
सन्तोष शर्मा
वामदेव देवकोटा
चेतकान्त भट्टराई
मुक्तिनाथ पौडेल

## प्रदेश ६

अध्यक्ष : रमेशकुमार गौतम
उपाध्यक्ष : गोरखबहादुर थापा
सचिव : चक्रबहादुर केसी
कोषाध्यक्ष : अमरराज पुन
सदस्यहरू : लोकेन्द्र केसी
सूर्यप्रकाश कँडेल
हरिप्रसाद डाँगी
पदमबहादुर मल्ल
जजराज शाही
कमलबहादुर बुढा
सन्तोष घर्तीमगर




### प्रदेश ७

| | | |
|---|---|---|
| अध्यक्ष | : | दीर्घराज उपाध्याय |
| उपाध्यक्ष | : | जनकराज भण्डारी |
| सचिव | : | कर्णबहादुर चन्द |
| कोषाध्यक्ष | : | केशवदत्त भट्ट |
| सदस्यहरू | : | बुद्धिप्रसाद खनाल |
| | | कमलराज जोशी |
| | | माधवसिंह धामी |
| | | शंकर थापा |
| | | नरेशसिंह धामी |

अधिवेशन उद्घाटन गर्दै सूचना तथा सञ्चारमन्त्री सुरेन्द्र कार्कीले सूचनाको अनिवार्य र वैकल्पिक माध्यमका रूपमा रहेको सामुदायिक रेडियोलाई अझ व्यापक बनाउनुपर्नेमा जोड दिनुभयो । सञ्चारमन्त्री कार्कीले व्यापारिक र सरकारीभन्दा फरक भूमिकामा रहेका सामुदायिक रेडियोले समाज परिवर्तनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्नेमा जोड दिनुभयो । समाजको विषयलाई गहिराईमा पुगेर अध्ययन गरी समाचार तथा विचार संप्रेषण गर्न उहाँले सामुदायिक पत्रकारलाई आग्रह गर्नुभयो । समाजमा रहेको अन्धविश्वास र कुरीति अन्त्यका लागि गाउँगाउँमा खुलेका सामुदायिक रेडियोले खेल्न सक्ने जति भूमिका अरूले नसक्ने भएकाले संयमित भएर पत्रकारिता गर्न पनि आग्रह गर्नुभयो । सामुदायिक पत्रकारिताको विकासका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले पछाडि पारिएका समाजका विषय बाहिर ल्याउन चाहने पत्रकारका लागि सरकारले विशेष सहयोग प्याकेज ल्याउने तयारी गरिरहेको पनि जानकारी गराउनुभयो ।

एमाले प्रचार विभाग प्रमुख योगेश भट्टराईले सामाजिक रूपान्तरणमा सामुदायिक रेडियोको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा पनि सामाजिक रूपान्तरणको अभियानमा लागिरहन आग्रह गर्नुभयो । कांग्रेस केन्द्रीय सदस्य मीन विश्वकर्माले रेडियोले कलम चलाउँदा सामुदायिक उत्तरदायित्वप्रति पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

माओवादी केन्द्रका महेश्वर दाहालले समुदायको विकासका लागि सामुदायिक रेडियोकर्मीले महत्वूर्ण भूमिका खेल्न सक्नेतर्फ सचेत गराउँदै संविधान कार्यान्वयनमा पनि सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्ने धारणा राख्नुभयो ।

राष्ट्रपतिसँग अकोराब टोलीको भेट

# 'सामुदायिक रेडियोको सकारात्मक भूमिका'





सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको नवनिर्वाचित कार्यसमितिले राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ता गरेको छ । अकोराब अध्यक्ष सुवास खतिवडाको नेतृत्वमा गएको टोलीले २४ पुसमा राष्ट्रपति कार्यालय शीतल निवासमा सामुदायिक रेडियो र अहिलेको अवस्थाबारे छलफलसमेत गरेको थियो ।

त्यसक्रममा राष्ट्रपति भण्डारीले संक्रमणकालीन अवस्थामा सामुदायिक रेडियोले सकारात्मक भूमिका खेल्नुपर्ने बताउनु भयो । गाउँका नागरिकका समस्या र पहिचानसँग जोडिएका सामुदायिक रेडियोले स्थानीय विकासमा ठूलो सहयोग गरेकाले देशको अर्थतन्त्रलाई बलियो बनाउनेमा महत्वपूर्ण भूमिका हुने पनि उहाँको कथन थियो । भेटका क्रममा सामुदायिक रेडियो प्रसारक संघका नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई बधाई तथा शुभकामना दिँदै राष्ट्रपति भण्डारीले सामुदायिक रेडियोको विकासमा आफ्नो सधैं सहयोग र सद्भाव रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नीतिगत रूपमा देखिएका समस्या, कानुनी रूपमा परेको अप्ठ्यारालाई सरकारसँग छलफल गरेर टुङ्गो लगाउन आग्रह गर्दै राष्ट्रपति भण्डारीले नागरिकलाई सही सूचनामात्रै उपलब्ध गराउन सुझाव दिनुभयो । अकोराब अध्यक्ष खतिवडाले सामुदायिक रेडियोको नवीकरण, तिनीहरूले पाउने रोयल्टीमा समस्या रहेको भन्दै राष्ट्रपतिको ध्यानाकर्षण गराउनु भएको थियो ।

**सञ्चारमन्त्री र अर्थमन्त्रीको ध्यानाकर्षण**

तत्कालीन उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरा र सञ्चारमन्त्री सुरेन्द्र कार्कीसँग छुट्टाछुट्टै भेट गरी अकोराबले ध्यानाकर्षण गराएको छ ।

अर्थमन्त्री महरासँगको भेटमा अकोराब नयाँ कार्यसमितिले सामुदायिक रेडियो सञ्चालनका लागि आवश्यक पर्ने उपकरण, सवारी साधनलगायत सामग्री खरिद गर्दा भन्सार महसुलमा सहुलियत व्यवस्था गरिदिन आग्रह गरेको थियो ।

**सामुदायिक रेडियोले व्यहोरेका नीतिगत अप्ठ्यारालाई फुकाउन सरकार सकारात्मक छ**

भेटका क्रममा मन्त्री महराले नयाँ सञ्चार नीतिले पनि सामुदायिक रेडियोको छुट्टै परिभाषा गरेकाले अब रेडियोका लागि बजेट छुट्याउन सजिलो भएको बताउनु भएको थियो ।

यसैगरी नवनिर्वाचित कार्यसमितिले सूचना तथा सञ्चारमन्त्री कार्कीलाई भेटेर आफ्ना समस्या अवगत गरायो । भेटका क्रममा मन्त्री कार्कीले सरकारले सञ्चार क्षेत्रका लागि बनेको विभेदकारी नीति अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सामुदायिक रेडियो अरू सञ्चार माध्यमभन्दा फरक भएकाले सरकारले सामुदायिक रेडियोलाई नीतिगत रूपमै व्यवस्थित गर्ने उहाँले बताउनु भयो । सामुदायिक रेडियोको विशिष्ट पहिचान स्थापित हुनेगरी सञ्चार नीति ल्याइनेमा मन्त्री कार्कीको भन्नुभयो, 'सामुदायिक रेडियोले व्यहोरेका नीतिगत अप्ठ्यारालाई फुकाउन सरकार सकारात्मक छ ।' अकोराब अध्यक्ष खतिवडाले सामुदायिक रेडियोले अनावश्यक रोयाल्टी तिर्नुपरेको, करको दायरा मदिरा उद्योगभन्दा बढी रहेको, नवीरकणमा अनावश्यक झमेलाले अप्ठ्यारो भएकोलगायतका समस्याबारे सञ्चार मन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो ।

ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री कार्कीले सरकार सबै सञ्चारलाई ब्यवस्थित बनाउन आन्तरिक तयारीमा रहेकाले त्यसभित्र पनि सामुदायिक रेडियोका विषयमा फरक ढंगले छलफल चलाउने बचन दिनुभयो । भेटमा अध्यक्षका साथै अकोराब पदाधिकारी, सदस्य र रेडियोकर्मीको पनि सहभागिता थियो ।

# संघीयता कार्यान्वयनको अगुवाइमा अकोराब

पुसको कठ्यांग्रिँदो जाडोमा संघीयताको बहसले राजनीति गरम भएको थियो । राज्य पुनर्संरचना आयोगको सिफारिसअनुसार ६ प्रदेश बनाएको सरकारले कर्णालीसहित विभिन्न क्षेत्रमा उठेका आन्दोलनपछि प्रदेशको संख्या ७ तय गरेको छ । संख्या ८, ९ वा १२ हुनुपर्ने बहस कायमै थियो । तर, ७ प्रदेशलाई स्थापित गर्दै सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले पहिलोपटक संघीयताको अभ्यास गरेको थियो । संघीय संरचनाअनुसार अकोराबको कार्यसमिति चयन भएपछि सातै प्रदेशमा भेला सम्पन्न गरिसकेको छ । अकोराबका महासचिव गोविन्द देवकोटा संघीयता कार्यान्वयनमा अकोराब मुलुककै पहिलो संस्था भएको दाबी गर्नुहुन्छ । 'संघीयता कार्यान्वयनसँगै अकोराबको संरचना प्रदेशअनुरूप तय भइसकेको छ,' देवकोटा भन्नुहुन्छ, 'संरचनाअनुसारको कार्यान्वयन पनि भइसकेको छ, अकोराबले सातवटै प्रदेशमा भेला गरेर पहिलो अभ्यास पनि गरिसकेको छ ।' प्रदेश भेलाबाट स्थानीय रेडियोहरूको सहभागितामा फरक फरक घोषणापत्र पनि जारी भएका छन् ।



प्रदेश १

## सामुदायिक रेडियोहरूको प्रदेश भेला
सुनसरीको धरान, चैत १३, २०७३

# घोषणा–पत्र




१. सामुदायिक रेडियोहरूले पर्यटन र कृषिको प्रवर्द्धन तथा व्यावसायीकरणमा सकारात्मक प्रभाव पार्ने प्रसारणका सामग्री उत्पादन गरी प्रदेशको आर्थिक समृद्धिमा सहयोगी भूमिका निर्वाह गर्नेछौं ।

२. यस क्षेत्रको जातीय, भौगोलिक, लैंगिक र साँस्कृतिक पहिचानलाई स्थापित गर्दै स्थानीय समुदायको अधिकार सुनिश्चित गर्न आफ्नो प्रसारणलाई केन्द्रित गर्नेछौं ।

३. यस प्रदेशका सामुदायिक रेडियोहरूको दिगो विकासका लागि संस्थागत, संरचनागत र व्यक्तिगत रूपमा क्षमता अभिवृद्धिका लागि रणनीतिक योजना तयार गरिनेछ ।

४. यस प्रदेशका रेडियोहरूले बीचको सु-सम्बन्ध स्थापित गर्दै राज्यबाट निर्देशित नीति नियमहरूको पालना र संविधान कार्यान्वयनका लागि सरकार र आमनागरिकबीच पुलको काम गर्नेछौं ।

५. आमसञ्चार नीतिमा उल्लेख गरिएका प्रसारण सम्बन्धी नीति आत्मसाथ गर्दै आचारसंहिताको पूर्ण पालनाका लागि प्रतिबद्ध रहँदै सामुदायिक प्रसारणसम्बन्धी नीतिगत व्यवस्था तत्काल गर्न सरकारसँग जोडदार माग गर्छौं ।

## प्रदेश २

# सामुदायिक रेडियोहरूको प्रदेश भेला
**जनकपुरधाम, चैत २७, २०७३**

## घोषणा–पत्र




सामुदायिक रेडियोहरूको दिगो विकासका निम्ति पहिलोपटक सामुदायिक रेडियो प्रसारक संघले शक्ति विकेन्द्रीकरण गर्ने उद्देश्य लिई प्रदेश समितिको गठन गरेको हो । खासगरी प्रदेश नं. २ को केन्द्र जनकपुरधाम जगत् जननी माता जानकीको पावन भूमि, भाषिक, सांस्कृतिक आधारमा समृद्ध थलो विश्व प्रसिद्ध रहेको सबैलाई अवगतै छ । ज्ञानभूमि, तपोभूमिको नाउँले प्रसिद्ध जनकपुरधाममा प्रदेश समितिको पहिलो भेलाबाट निम्नअनुसारको हाम्रो प्रतिबद्धता घोषणा गर्छौं ।

१. प्रदेश नं २ का समुदायको इच्छाअनुरूप स्थानीय भाषा, कला, सँस्कृति, धर्म, रीतिरिवाज र स्थानीय भाषाको सम्बृद्धि तथा स्थानीय मुद्दाहरूलाई प्राथमिकताका साथ जगेर्ना गर्ने ।

२. सामुदायिक रेडियोहरूलाई गुणस्तरीय, प्रभावकारी र आत्मनिर्भर बनाउँदै संस्थागत विकास र सुशासन कायम गरी सामुदायिक रेडियोको माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनका लागि भूमिका निर्वाह गर्ने ।

३. समाजमा रहेको लैंगिक विभेद्लाई अन्त्य गर्न, लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि नीतिगत कार्य गर्ने ।

४. समाजमा रहेको सामाजिक तथा आर्थिक समानता, सम्बृद्धिका लागि सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा क्षमतामूलक समाज निमार्णका लागि नीतिगत भूमिका निर्वाह गर्ने ।

५. नेपालमा सामाजिक सचेतना, आर्थिक सम्बृद्धि तथा जनतामा पहुँचको आधारले सशक्त माध्यम सामुदायिक रेडियो भएको हुनाले अन्य सञ्चार माध्यमसरह सामुदायिक रेडियोहरूलाई पनि नेपाल सरकारबाट सेवा सुविधाहरू उपलब्ध गराउन माग गर्ने ।

६. सामुदायिक रेडियोहरूलाई मर्यादित तथा समुदायप्रति उत्तरदायी बनाउँदै रेडियोको आचार संहिता कार्यान्वयन गर्ने ।

## प्रदेश ३

### सामुदायिक रेडियोहरूको प्रदेश भेला

**काठमाडौं, चैत २८, २०७३**

# घोषणा–पत्र

नेपालको राजधानी काठमाडौं देशभरिका नागरिकको एउटा सपनाको राजधानी पनि हो । अर्को हिसाबले नीतिगत कार्ययोजना बनाउने थलो पनि हो राजधानी सहर। यस हिसाबले तीन नम्बर प्रदेश सबैभन्दा विशिष्ठ र महत्वपूर्ण छ। ७५ वटै जिल्लाका नागरिकको बसोवास रहेको राजधानीमा हरेक जातजाति, क्षेत्र, समुदायको सांस्कृतिक पहिचान पनि देख्न सकिन्छ। यही विविधता र बहुलताको प्रवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न गराउन ५१ वटा सामुदायिक रेडियोहरू यस प्रदेशमा सञ्चालनमा रहेका छन् ।

मुलुकमा प्राप्त लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समावेशीतालगायतका उपलब्धि प्राप्तिका लागि महत्वपूर्ण भूमिका खेलेका हामी सामुदायिक रेडियोहरूको साझा संस्था सामुदायिक रेडियो प्रसारक संघ प्रदेश नं ३ को काठमाडौंमा सम्पन्न भेलाले निम्नानुसार ९ बुँदे घोषणापत्र जारी गरेको छ :

१. सामुदायिक रेडियोहरूमा समुदायको अपनत्व महसुस गराउनका लागि हामी सम्पूर्ण सामुदायिक रेडियोहरू खुला सदस्यताको नीति अवलम्बन गर्न प्रतिबद्धता जाहेर गर्दछौं ।

२. स्थानीय विकासका लागि स्थानीय तहको चुनावलाई नागरिकका दृष्टिकोणबाट प्रस्तुत गर्न हामी सामुदायिक रेडियोहरू प्रतिबद्धता व्यक्त गर्दछौं । साथै निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न प्रतिबद्ध छौं ।

३. समाजमा विद्यमान विसंगति, विकृति, कुरीति, कुसंस्कारसँगै जातीय, लैंगिक, धार्मिक विभेद्को अन्त्यका लागि रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरी सभ्य समाज निर्माणमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

४. बालमैत्री समाज निर्माणका लागि सामुदायिक रेडियोले बालविवाहविरुद्धको अभियानको दूत बन्दै विशेष अभियान चलाउन हामी सामुदायिक रेडियो प्रतिबद्ध छौं ।

५. स्थानीय सामुदायिक रेडियोहरूबीचको सहकार्य प्रवर्द्धन गर्दै साझा सामाजिक विषयवस्तुमा सामूहिक सहकार्य गरी संयुक्त रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

६. स्थानीय तह, सरकारी तथा गैरसरकारी र सहकारीका स्रोतलाई सामुदायिक रेडियोहरूको




दिगो विकासका पक्षमा ल्याउनका लागि सम्बन्धित निकायलाई जिम्मेवार बनाउन पहल गर्दछौं ।

७. संविधान कार्यान्वयनको पहिलो खुड्किलो स्थानीय तहको निर्वाचन सफल बनाउन र सामुदायिक रेडियोहरूको प्रबर्द्धनका लागि स्थानीय तहसँग सहकार्य र समन्वयका लागि पहल गर्ने छौं ।

८. सामुदायिक रेडियोहरूको क्षमता वृद्धि र गुणस्तरीय सामग्री उत्पादन एवं प्रसारणका लागि सहयोगसँगै बढावा दिने नीति बनाउन र समतामूलक समाज निर्माणका लागि प्रतिबद्ध छौं ।

प्रदेश ४

## सामुदायिक रेडियोहरूको प्रदेश भेला

**बेसीसहर, चैत ३०, २०७३**

# घोषणा–पत्र

१. सामुदायिक रेडियोहरूमा समुदायको अपनत्व महसुस गराउनका लागि हामी सम्पूर्ण सामुदायिक रेडियोहरू खुला सदस्यताको नीति अवलम्बन गर्न प्रतिबद्धता जाहेर गर्दछौं ।

२. स्थानीय विकासका लागि स्थानीय तहको चुनावलाई नागरिकका दृष्टिकोणबाट प्रस्तुत गर्न हामी सामुदायिक रेडियोहरू प्रतिबद्धता व्यक्त गर्दछौ । संविधान कार्यान्वयनको पहिलो खुड्किलो स्थानीय तहको निर्वाचन सफल बनाउन हामी प्रतिबद्ध छौं ।




३. समाजमा विद्यमान विसंगति, विकृति, कुरीति, कुसंस्कारसँगै जातीय, लैंगिक, धार्मिक विभेद्को अन्त्यका लागि कला, भाषा र संस्कृतिको जगेर्ना गर्दै रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरी सभ्य समाज निर्माणमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

४. बालमैत्री समाज निर्माणका लागि सामुदायिक रेडियोहरू बालविवाहविरुद्ध अभियान नै सञ्चालन गर्न प्रतिबद्ध गर्छन् ।

५. स्थानीय सामुदायिक रेडियोहरूबीचको सहकार्य प्रवर्द्धन गर्दै साझा सामाजिक विषयवस्तुमा सामूहिक रूपमा साझेदारी गरी संयुक्त रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्न हामी ४ नम्बर प्रदेशका रेडियोहरू प्रतिबद्धता व्यक्त गर्छौं ।

६. सरकारले प्रदान गर्ने लोककल्याणकारी विज्ञापनका साथै स्थानीय तह, सरकारी तथा गैरसरकारी र सहकारीका स्रोतलाई सामुदायिक रेडियोहरूको दिगो विकासका पक्षमा ल्याउन सामाजिक बजारीकरणमा सम्बन्धित निकायलाई जिम्मेवार बनाउन साझा पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

७. सामुदायिक रेडियोहरूको क्षमता वृद्धि र गुणस्तरीय सामग्री उत्पादन एवं प्रसारणका लागि सहयोगसँगै बढावा दिने नीति बनाउन प्रतिबद्ध छौं। रेडियोको व्यावसायिकताका लागि रेडियो सञ्चालक समिति र रेडियोकर्मीबीच सामूहिक सोचका साथ अघि बढ्न प्रतिबद्ध छौं ।

८. सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको केन्द्रीय तहसँग समन्वय गरी सामुदायिक रेडियोमैत्री नीति बनाउन प्रदेश तहमा पहलकदमी गर्नेछौं ।

९. पर्यटक प्रवर्द्धनका लागि सबै रेडियोहरू साझा अभियानका साथ लाग्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

माथि उल्लेखित घोषणापत्रका बुँदाहरू कार्यान्वयन गर्न हामी पूर्णरूपमा प्रतिबद्ध छौं ।

प्रदेश ५

## सामुदायिक रेडियोहरूको प्रदेश भेला

**लमही, दाङ, चैत ११, २०७३**

# घोषणा–पत्र

१. सामुदायिक रेडियोहरूमा समुदायको अपनत्व महसुस गराउनका लागि हामी सम्पूर्ण सामुदायिक रेडियोहरू खुला सदस्यताको नीति अवलम्बन गर्न प्रतिबद्धता जाहेर गर्दछौं ।

२. स्थानीय विकासका लागि सम्बन्धित सरोकारवालासँग साझेदारी एवं सहकार्य गर्न हामी सामुदायिक रेडियोहरू प्रतिबद्धता व्यक्त गर्दछौं ।

३. समाजमा विद्यमान कुरीति, कुसंस्कारसँगै जातीय, लैंगिक, धार्मिक विभेद्को अन्त्यका लागि विशेष रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरी सभ्य समाज निर्माणमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

४. सामुदायिक रेडियो प्रसारणलाई थप गुणस्तरीय तथा विश्वसनीय बनाउन आचारसंहिता कार्यान्वयनसँगै कार्यरत जनशक्तिको क्षमता विकासका पक्षमा तत्पर रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।




५. सम्पूर्ण सामुदायिक रेडियोहरूलाई अन्य सञ्चार माध्यमसरह लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन र सामुदायिक रेडियोहरूको नविकरण तथा राज्यद्वारा उपलब्ध गराइने सबै प्रकारका सेवा सुविधा स्थानीय तहबाट उपलब्ध गराउन माग गर्दछौं ।

६. स्थानीय सामुदायिक रेडियोहरूबीचको सहकार्य प्रवर्द्धन गर्दै नयाँ संविधान र राज्य पुनर्संरचनाको कार्यान्वयन प्रक्रियामा नागरिक शिक्षा तथा अन्य साझा सामाजिक विषयवस्तु विशेषगरी सुशासन र मानवअधिकारका मुद्दाहरूमा सामूहिक रूपमा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

७. सामुदायिक रेडियोहरूको विशिष्ट पहिचान नै भाषिक विविधतामूलक रेडियो प्रसारण, स्थानीय समाचारलाई प्राथमिकता, अल्पसंख्यक समुदाय, महिला, बालबालिकाका साथै कृषि तथा उद्यमशीलताका मुद्दालाई विशेष स्थान तथा विशिष्टिकृत विषयवस्तुमा कार्यक्रम उत्पादन तथा प्रसारणलाई थप प्रवर्द्धन गर्नेतर्फ प्रतिबद्धता जाहेर गर्दछौं ।

८. हामी सामुदायिक रेडियोहरू एकआपसमा सहकार्य, अनुभव तथा दक्षताको आदानप्रदान, विषयगत क्षेत्र निर्धारण गरी सोहीअनुरूप सामग्री उत्पादन र प्रसारण गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

९. स्थानीय तहमा रहेका सरकारी तथा गैरसरकारी स्रोतलाई सामुदायिक रेडियोहरूको दिगो विकासका पक्षमा ल्याउनका लागि सम्बन्धित निकायलाई जिम्मेवार बनाउन पहल गर्दछौं ।

**प्रदेश ६**

## सामुदायिक रेडियोहरूको प्रदेश भेला
**चैत ७, २०७३, दाङ**

# घोषणा–पत्र




१. एक जिल्ला एक नमुना रेडियो स्थापना गर्न पहल गर्ने ।

२. महिला, बालबालिका, पिछडिएको क्षेत्र, लोपोन्मुख समुदाय तथा स्थानीय भाषालाई प्राथमिकता दिने ।

३. विपद्, प्रकोप, महामारीका बारेमा समुदायलाई शिक्षा दिने सामग्री प्रसारणमा बढावा दिँदै उच्च प्राथमिकता दिने ।

४. सबै सामुदायिक रेडियोहरूले दश वर्षे रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

५. शिक्षा, स्वास्थ्य, खानेपानी, विकास निर्माण र सुशासन मानवधिकार कार्यान्वयनको क्षेत्रमा सरोकारवालासँग सहकार्य गर्ने ।

६. जल, जंगल, जडिबुटी र पर्यटन क्षेत्रको विकासका लागि ६ नं. प्रदेशका रेडियोहरूमार्फत प्राथमिकता दिने ।

७. स्थानीय तहसँगको सहकार्यलाई स्थापित गर्ने ।

प्रदेश ७

## सामुदायिक रेडियोहरूको प्रदेश भेला
**चैत्र ९, २०७३**
**धनगढी कैलाली**

# घोषणा–पत्र

कैलालीको धनगढीमा प्रदेश ७ का सामुदायिक रेडियोका प्रमुख तथा प्रतिनिधिको भेलाले यस प्रदेशमा रहेका रेडियोको सूचना प्रवाहलाई व्यवस्थित बनाउन र सामुदायको सशक्तीकरणमा रेडियोले खेल्नु पर्ने भूमिकाबारे छलफल र निष्कर्षपछि धनगढी घोषणापत्र जारी गरिएको छ ।

१. सात नम्बर प्रदेशमा रहेका नागरिकलाई सत्य तथ्य सूचना प्रवाह गर्दै समुदायलाई सचेत र चनाखो पार्न हामी सामुदायिक रेडियो प्रतिबद्ध रहने ।

२. रेडियो तथा सञ्चारमाध्यम सञ्चालनका लागि स्रोतको पहिचान र परिचालन गर्दै रेडियोको दिगोपनाका लागि काम गर्ने ।

३. किसान, मजदुर, निमुखा, जनजीविकाका सवाल अर्थात् सरकारको पहुँचमा नरहेका जनताका आवाज पहिलो प्राथमिकताका विषय बन्ने ।

४. ७ नम्बर प्रदेशमा रहेका पर्यटकीय तथा धार्मिक क्षेत्रहरू (खप्तड, शुक्लाफाँटा, मालिका) को प्रचारप्रसार र विकासका लागि रेडियोले 'पर्यटन मिसन' कै रूपमा काम गर्ने ।

५. रेडियोका बीचमा भएका अस्वस्थ प्रतिस्पर्धालाई घटाउन प्रत्येक जिल्लामा आन्तरिक समन्वय गर्दै एफएमहरूबीचको सम्बन्ध समधुर गर्नका लागि सबै प्रतिबद्ध रहने ।

६. पक्षधर पत्रकारिताको अन्त्य गर्दै स्वच्छ, निष्पक्ष र मर्यादित पत्रकारिताका लागि वैकल्पिक मिडियाका रूपमा रहेका एफएम रेडियोबाट सशक्त भूमिका खेल्ने ।

७. नेपाल सरकारले ल्याएको श्रमजीवी पत्रकार ऐनको कार्यान्वयका लागि सबै रेडियो प्रतिबद्ध रहने ।



समुदायलाई जोड्ने सीआईएनको अभियान

एउटा समुदायको सिप र विकास अर्को समुदायसम्म पुऱ्याउन

# समुदायमा सीआईएन













हरेक दिन बिहान ६:०० बजे र साँझ ७:३० बजेको साझा खबरमा

# नीतिगत बहस–पैरवी



## सामुदायिक रेडियो

# स्थानीय तहको सञ्चार साथी

**सामुदायिक रेडियोले स्थानीय जनतालाई स्थानीय तहमा प्राप्त हुने सेवा सुविधाबारे जानकारी मात्रै दिँदैन, स्थानीय तहलाई जनतासँग सीधैँ जोड्ने काम पनि गर्छ । सामुदायिक रेडियोहरू समुदायका लागि अपरिहार्य भएका छन् । यी रेडियोले समुदायदेखि विकास निर्माणको सारथी हुन सफल भएका छन् । नवनिर्वाचित जनप्रतिनिधिले अब स्थानीय तहको सञ्चार साथीका रूपमा सामुदायिक रेडियोलाई प्रयोग गर्दै समृद्धितर्फ लम्कनुपर्छ । स्थानीय तह र सामुदायिक रेडियोको सम्बन्ध तथा सम्भावित सहकार्यको विषयमा केन्द्रित रहेर दीपक आचार्यले सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) का अध्यक्ष सुवास खतिवडासँग गरेको कुराकानी :**

**सामुदायिक रेडियोलाई नागरिकको रेडियो पनि भनिन्छ, अकोराबले सामुदायिक रेडियोका निम्ति के गरिरहेको छ ? यसले नागरिकको दैनिक जीवनमा के प्रभाव पार्छ ?**

अकोराबको मुख्य भूमिका भनेकै नागरिकको सूचनाको हकको सुनिश्चितताका निम्ति सञ्चालित सामुदायिक रेडियोमैत्री नीति, नियम र कानुन निर्माणको पक्षमा पैरवी गर्ने हो । सामुदायिक रेडियो र यसमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धिमा मद्दत गर्ने हो । आधारभूत तहका नागरिक, जो अन्य सञ्चारमाध्यमको पहुँचभन्दा बाहिर छन् । उनीहरू सूचनाको पहुँचबाहिर छन् । राज्यको सेवा सुविधाबाट पनि वञ्चित छन् । उनीहरूको आर्थिक अवस्थासमेत कमजोर छ । यसको परिणाम जीवन निक्कै कष्टकर छ । ती नागरिकलाई उनीहरूले बुझ्ने गरी उनीहरूकै लवज र भाषामा राज्यको सेवा सुविधालगायत अत्यावश्यक सूचना र जानकारी सामुदायिक रेडियोले पुऱ्याइरहेका छन् । समुदायको रुचि र आवश्यकताका सवालमा अझ प्रभावकारी रूपमा सेवा दिन सक्ने गरी सामुदायिक रेडियोको क्षमता अभिवृद्धिमा अझै ध्यान दिनुपर्ने अवस्था छ । समाजका सकारात्मक, प्रेरक एवं सफलताका यथार्थ विषयवस्तु प्रसारण गरेर रेडियोले समाजको गतिमा इन्धन भर्ने काम

**समाजका सकारात्मक, प्रेरक एवं सफलताका यथार्थ विषयवस्तु प्रसारण गरेर रेडियोले समाजको गतिमा इन्धन भर्ने काम गरेको छ**



गरेको छ ।  अभाव, गरिबी र सेवा सुविधाबाट वञ्चित समुदायको आवाज नीति निर्मातासम्म पुऱ्याएर दबाब सिर्जना गर्ने काम पनि गरेको छ । सामुदायिक रेडियोले दबिएको आवाजलाई बुलन्द बनाउने, वञ्चितीकरणमा परेकाले बोल्ने स्थान पाउने हुँदा नागरिकको सशक्तीकरण र सार्थक जीवनमा योगदान पुऱ्याइरहेको छ ।

**स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएका छन् । अब स्थानीय तहलाई विकासमा केन्द्रित गराउन, सही ठाउँमा बजेट पुऱ्याउन, स्थानीय तहलाई पारदर्शी र जवाफदेही बनाउन सामुदायिक रेडियोको भूमिका कहाँ हुन्छ ?**

२० वर्षअघि स्थानीय निकायका जनप्रतिनिधि चुनेका थियौं । यसपालि स्थानीय तह अर्थात् नागरिकको पहुँचमा रहने स्थानीय सरकार निर्वाचित गरेका छौं । प्रजातन्त्रको सबैभन्दा सुन्दर पक्ष भनेको आवधिक निर्वाचन हो । आवधिक निर्वाचनको माध्यममार्फत जनताले आफ्नो सेवा गर्ने प्रतिनिधि आफैंले रोज्छन् । लामो समयको रिक्तताको अन्त्य गर्दै नागरिकले आफ्नो घरआँगनमा सेवा दिने स्थानीय सरकारका प्रतिनिधि रोजिरहेका छन् । संविधानले स्थानीय तहलाई धेरै अधिकार र जिम्मेवारी दिएको छ । हाम्रा प्रतिनिधिले संविधानले सुनिश्चित गरेका अधिकारलाई जनहितमा कार्यान्वयन गर्न सक्छन् कि सक्दैनन्, यहाँ चनाखो हुनुपर्छ । सामुदायिक रेडियोले राम्रा कुरा फैलाउने नराम्रा कुरा औल्याउने नीति लिनुपर्छ । हामीले जनप्रतिनिधिमात्र खोजेका होइनौं,

जनउत्तरदायी, जवाफदेही र सुशासनको प्रत्याभूति दिने सेवामुखी जनप्रतिनिधि चाहेका हौं । राजनीतिक दल र तीनका उम्मेदवारले चुनावका बेला गरेका प्रतिबद्धता कार्यान्वयन गरे/गरेनन् त्यसको पहरेदारी गर्नुपर्छ । सामुदायिक रेडियोले स्थानीय सरकारका पदाधिकारीलाई जिम्मेवारी बोध गराउन र जवाफदेही बनाउन महत्वपूर्ण भूमिका खेल्नुपर्छ । समुदायका तत्कालीन र दीर्घकालीन आवश्यकता र सरोकारबारे सचेत र संवेदनशील बनाउन र स्थानीय सरकारका निर्णय र योजनाबारे नागरिकलाई सुसूचित गराउन सामुदायिक रेडियो सबैभन्दा प्रभावकारी माध्यम हुन् । आजको विकास भनेको सहभागितामूलक अर्थात् दिगो विकास हो । पर्यावरणीय सन्तुलनसहितको विकास । समुदायको मौलिक कला, संस्कृति संरक्षणसहितको विकास । यी र यस्ता जनसरोकारका सवालमा सामुदायिक रेडियोले समुदायको हितमा रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ ।

**स्थानीय तहले दिने सेवा सुविधासम्बन्धी जानकारी समुदायसम्म पुऱ्याउन र नागरिकको समस्या तथा आवश्यकता स्थानीय सरकारसम्म पुऱ्याउन स्थानीय तह र सामुदायिक रेडियोबीच कस्तो साझेदारी हुनुपर्छ ?**

> स्थानीय सरकारका निर्णय र योजनाबारे नागरिकलाई सुसूचित गराउन सामुदायिक रेडियो सबैभन्दा प्रभावकारी माध्यम

आजको समाज खुल्ला र पारदर्शी छ । जुनसुकै तहको सरकारले पनि नागरिकसँग सरोकार राख्ने सूचना र जानकारी सार्वजनिक गर्नुपर्छ । स्थानीय सरकारका हरेक गतिविधि समुदायको रुचि र सरोकार हुन् । सरल तरिकाबाट सही सूचना र जानकारी नागरिकसम्म पुऱ्याउँदा नै सरकारप्रतिको विश्वास बढ्छ । कहिलेकाहीँ सही सूचना नदिने, लुकाउन खोज्ने प्रवृत्तिले गलत सूचना प्रवाह भइरहेको हामीले भोगेका छौं । नागरिकका गुनासा र अपेक्षा सामुदायिक रेडियोले सार्वजनिक गरिरहेको त हुन्छ नै सरकारको प्रतिबद्धता समुदायमा पुऱ्याएर दोहोर सञ्चार पनि स्थापित गरिरहेको हुन्छ । यस्तो संस्कारले सुशासन स्थापित हुन्छ । सामुदायिक रेडियोले स्वायत्तता र स्वतन्त्रता कायम राख्दै नागरिकलाई अत्यावश्यक सूचना पुऱ्याउन र दिगो विकासमा योगदान दिन स्थानीय सरकारसँग साझेदारी गर्न सक्छ । यो दुवै पक्षको अवसर पनि हो ।

**आधारभूत तहका नागरिकलाई अत्यावश्यक सूचना पुऱ्याउन सामुदायिक रेडियोको प्रयास कस्तो छ ?**

सामुदायिक रेडियोले समुदायलाई उपयोगी हुने जानकारी नै प्रसारण गर्ने हो । कैयौं जिल्लामा सामुदायिक रेडियोले नै समुदायको निर्विकल्प सञ्चारमाध्यमका रूपमा सेवा पुऱ्याइरहेका छन् । लोपोन्मुख भाषामा समेत सूचना र जानकारी प्रसारण भएका छन् । नेपाली भाषा नबुझ्ने समुदायले आफ्नै भाषामा महत्वपूर्ण जानकारी सुन्न र बोल्न पाउनु ठूलो उपलब्धि हो । राज्यले आधारभूत सेवा पुऱ्याउन नसकेको ठाउँमा समुदायकै नेतृत्वमा सामुदायिक रेडियो स्थापना भई महत्वपूर्ण सूचना र जानकारी प्राप्त गरिरहेका छन् । यसलाई क्रान्ति नै मान्नुपर्छ ।

रेडियोले समुदायको रुचि, चाहना र आवश्यकता पहिचान गरी सूचना र विषयवस्तु प्राथमिकताका साथ प्रसारण गर्नुपर्छ । सकेसम्म स्थानीय लवज,

भाषा र मौलिकतामा जोड दिनुपर्छ । सामुदायिक रेडियोकर्मीको अनुभवको सीमितता एवं सीप, कला र सिर्जनशीलताको कमीले रेडियोले प्रसारण गर्ने सामग्री गुणस्तरीय नहोला । तर सामुदायिक रेडियोले सीमित स्रोत साधन परिचालन गरेर असीमित सेवा पुऱ्याएको वास्तविकता सबैसामु छर्लंग छ ।

**स्थानीय रेडियो र स्थानीय सरकारबीच कतिपय सवालमा हातेमालो गर्नुपर्ने हो, तर अहिलेसम्म सामुदायिक रेडियो प्राथमिकतामा परेको देखिएन नि ?**

सरकारले सञ्चारमाध्यम अझ सामुदायिक रेडियोप्रति गरेको व्यवहार न्यायोचित छैन । सुरुमा त सिंहदरबारबाहिर स्वतन्त्र रेडियो स्थापना गर्नै मुस्किल थियो । बल्लतल्ल नागरिकको स्वामित्वमा एफएम रेडियो खुले पनि नियमनका नाममा अनेकौ हस्तक्षेप र अवरोध खडा गरियो । अहिले पनि सामुदायिक रेडियोले अनेकौ चुनौती र जटिलता व्यहोरेर नागरिकको सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको उपभोगका निम्ति काम गरिरहेका छन् । यसमा प्रशंसा र पुरस्कार दिनुपर्ने हो । सेवासुविधा र सहुलितय दिनुपर्ने हो । त्यसको साटो सरकार रोयल्टीको नाममा, नविकरणको नाममा, फ्रिक्वेन्सीको नाममा रकम असुल्न र दण्ड जरीवाना गराउन उद्दत छ । यसो भन्दा हामीलाई दुःख लाग्छ, तर यो वास्तविकता हो । यो लोकतान्त्रिक चरित्र भएन भनेर हामीले निरन्तर आवाज उठाउँदै आएका छौं । अब आयो साझेदारी र सहकार्यको सवाल । यो पनि स्थानीय तहसँग । अवश्य पनि यसमा स्थानीय सरकारले विश्वास जगाउन, नागरिक सहभागिता बढाउन, सुशासन र पारदर्शिताको संस्कृति बसाउन सामुदायिक रेडियोसँग साझेदारी गर्दा प्रभावकारी हुने निश्चित छ । स्थानीय कला संस्कृतिको संरक्षण, वातावरण संरक्षण र सबै क्षेत्र वर्ग समुदायको गुनासा सुनेर लोकतान्त्रिक पद्धतिबाट समाधान निकाल्न रेडियो उपयोगी माध्यम हो भन्ने सिद्ध भइसकेको छ । समाजको सकारात्मक विकास र रूपान्तरण रोज्ने जनप्रतिनिधिले समान लक्ष्य उद्देश्यले स्थापना भएका सामुदायिक रेडियोसँग साझेदारी गर्न किन अलमल गर्नुपऱ्यो र ।

स्थानीय कला संस्कृतिको संरक्षण, वातावरण संरक्षण र सबै क्षेत्र, वर्ग र समुदायको गुनासा सुनी लोकतान्त्रिक पद्धतिबाट समाधान निकाल्न रेडियो उपयोगी माध्यम हो भन्ने सिद्ध भइसकेको छ

**एउटै स्थानमा धेरै सामुदायिक रेडियो चलेका छन् । कतिपय त दलीय स्वार्थले खुलेको भन्ने आलोचना पनि हुन्छ । स्थानीय सरकारले कसरी स्वतन्त्र रूपमा साझेदारी र सहकार्य गर्न सक्छ ?**

हरेक क्षेत्रमा दलीय राजनीतिको प्रभाव छ । राज्यका सबै अंगमा त्यसको प्रभाव परेकामा सर्वत्र आलोचना हुने गरेको छ । अझ तिनीहरूको विश्वसनीयता नै कमजोर भएका छन् । सञ्चार क्षेत्रमा पनि यसको प्रभाव छ ।

लोकतान्त्रिक व्यवस्था भएका मुलुकमा एउटै विचार र दृष्टिकोण भएकाको मात्र स्वामित्वमा सञ्चारमाध्यम कही पनि छैन । केही मात्रामा दलीय प्रतिनिधित्व हुने गरी सञ्चारमाध्यम खुले पनि तिनले प्रसारण गर्ने विषयवस्तुका आधारमा हामीले धारणा बनाउनु पर्छ । कही कतै दलीय स्वार्थले रेडियो खुले पनि

दलकै भजन गाएरमात्र रेडियो जीवित रहन सक्दैन । अरूलाई सत्तोसराप गरेर मै राम्रो हुँ भनेर प्रसारण गर्दैमा कसैले विश्वास गरिहाल्ने अवस्था छैन । धेरै रेडियो प्रसारणमा आएकाले समुदायले आफूलाई विश्वास लागेको मन पर्ने रेडियो छानेर सुन्छन् यो स्वतन्त्रता उनीहरूकै हो । रेडियोको दिगोपनाका निम्ति पनि समग्र समुदायको साझा बन्नै पर्छ । यदि लक्षित समुदायको स्वामित्व, सहभागिता र विषयवस्तु समेटिएन भने स्थापित हुन सम्भव छैन । सामुदायिक रेडियोको मूल्य, मान्यता र मर्मअनुरूप रेडियोले एकता प्रबर्द्धन गर्ने हो, सहिष्णुता प्रवर्द्धन गर्ने हो, सद्भाव बढाउने हो । एउटा दलको प्रवक्ताजस्तो भएर अरू दललाई आक्षेप लगाउन थालियो भने सामुदायिक भावना र सद्भाव बढाउन सक्दैन ।

अर्को कुरा, रेडियोको सञ्चालक समितिमा कुनै दलप्रति आस्था राख्ने व्यक्ति हुँदैमा समग्र रेडियोप्रति नकारात्मक धारणा बनाउनु पनि हतारो होला । लोकतान्त्रिक प्रणालीमा राजनीतिक पार्टीमा संगठित हुने, अभिव्यक्ति राख्न पाउने सामान्य कुरा हो । तर दलीय स्वार्थ र आग्रह रेडियो प्रसारणमा प्रवेश गर्नु भएन । रेडियोमा प्रवेश गर्दा रेडियोकै हित र भलाइका निम्ति सक्रिय हुनुपऱ्यो । सम्बन्धित रेडियोको प्रभावकारिता, योग्यता र क्षमताका आधारमा स्थानीय सरकारले साझेदारी गर्ने वातावरण निर्माण गर्नुपर्छ । विषयगत क्षेत्र तोकेर पनि सहकार्य र साझेदारी गर्न सकिन्छ ।

**तर केही समुदायिक रेडियोमा त राजनीतिक दलकै नेताहरूको सहभागिता देखिन्छ नि ?**

रेडियोको बोर्डमा रहेका कुनै व्यक्ति कुनै पार्टीप्रति आस्था राख्ने हुनसक्छन् । दलका नेता कार्यकर्ता हुन सक्छन् । उनीहरूले स्वयंसेवकका रूपमा रेडियोमा काम गरिरहेका होलान् । तर रेडियोमा दैनिक काम गर्ने व्यक्ति, समाचार, कार्यक्रम वा व्यवस्थापनको जिम्मेवारी संहालेका व्यक्ति त्यसरी दलगत रूपमा सक्रिय भएर आफ्नो परिचय राजनीतिक दलको कार्यकर्तामा रूपान्तरण गर्न थाले भने त्यसले राम्रो गर्दैन । आदर्श, मूल्य, मान्यता अवलम्बन गर्न तयार भएर सामुदायिक रेडियोमा क्रियाशील हुने हो । राजनीतिक स्वार्थले प्रेरित भएर यस्तो गतिविधि गर्नु शोभनीय हुँदैन । यस्तो व्यवहारले सामुदायिक रेडियोको विश्वसनीयता नै धरापमा पार्छ । उनीहरू त्यसरी विभाजित हुनु हुँदैन । स्वतन्त्र पत्रकारिताको मूल्य मान्यताअनुसार नै अगाडि बढ्नुपर्छ । अझ सामुदायिक पत्रकारिताको भावनाअनुसार अगाडि बढ्नुपर्छ । यो कुरामा हामी स्पष्ट हुनुपर्छ । सामुदायिक रेडियोकर्मीलाई मेरो अनुरोध छ, दलगत आस्थाभन्दा माथि उठेर, पत्रकारिताको मूल्य मान्यताअनुरूप सामुदायिक सद्भाव बढाउने गरी काम गरौं ।

स्थानीय सरकारले बिनाभेद्भाव नागरिकको सहज पहुँच रहेको सामुदायिक रेडियोसँग सहकार्य गर्नु अपरिहार्य छ । जसले प्रभावकारी, पारदर्शी रूपमा सहकार्य गर्छ त्यही समुदायमा प्रभाव रहन्छ ।

**आमसञ्चार नीतिले सामुदायिक, निजी र सार्वजनिक सञ्चारमाध्यम भनेर प्रसारण माध्यमलाई छुट्याइदिएको छ । सामुदायिक रेडियोसम्बन्धी छुट्टै कानुन निर्माणको बाटो पनि खोलिदिएको छ । सामुदायिक रेडियो विकासको साझेदार भएकाले स्थानीय तहसँग साझेदारी गर्न नीतिगत रूपमै केही व्यवस्था गर्नु पर्छ कि ?**

सरकारसँग विगतदेखि नै हामीले प्रसारण क्षेत्रलाई व्यवस्थित गर्न आग्रह गर्दै आएका छौं । हिजोको ऐन, नियम र कानुनले बदलिँदो प्रविधि र नागरिकको आवश्यकतालाई सम्बोधन गर्न सक्दैन । अकोराबले सरकारसँग फ्रिक्वेन्सी एलोकेसन प्लान तयार गर्न आग्रह गऱ्यो तर अहिलेसम्म सुनुवाइ भएन । जस्तो एफएम रेडियोलाई प्रसारणको अनुमति दिँदा सम्बन्धित संस्थाको लक्ष्य, उद्देश्य, लक्षित श्रोता, रेडियो नियमित सञ्चालन स्रोतको आधार, जनशक्ति व्यवस्थापन, प्राविधिक अवस्थालगायत आधारभूत पक्षको पर्याप्त आधार हेर्नु पर्दथ्यो तर, त्यसो गरिएन । २०६३।०६४ ताका माग्नेजति सबैलाई फ्रिक्वेन्सी वितरण गरियो । पछिल्लो समय फ्रिक्वेन्सी दिने कुरा सम्बन्धित अधिकारीको तजबिजमा भर पऱ्यो । कतिपय ठाउँमा इजाजत पाउन निश्चित कर्मचारीलाई

खुसी बनाउनुपर्ने थिति बसालियो । कतिखेर इजाजत खुलाउने, कतिखेर बन्द गर्ने कर्मचारीकै तजबिजमा छ । यो सवालमा मन्त्रालयले सुशासन र पारदर्शिताको अनुभूति दिलाउन सकेन । काठमाडौं उपत्यकामा फ्रिक्वेन्सी उपलब्ध छैन भनियो । फेरि भटाभट इजाजत बाडियो । के आधारले नयाँ एफएम रेडियोलाई प्रसारणको स्वीकृति दिइयो । मापदण्ड वा आधार केही नचाहिने । कतिपय एफएम रेडियोको क्षमता रातारात बढाइएको छ । कतिपय एफएम रेडियोको भने १० वर्षअघि क्षमता बढाउन दिएको निवेदनमाथि अझै सुनुवाइ भएको छैन । यी बेथिति हामीले भोगिरहेका छौं । यसमा सरकारको जवाफदेहिता देखिएन । नयाँ आमसञ्चार नीतिले आमसञ्चार प्राधिकरण गठन गर्ने भनेको छ । त्यस्तो स्वायत्त प्रकृतिको संरचना बनाउने हो भने धेरै व्यवस्थित गर्न सकिन्छ ।

नयाँ आमसञ्चार नीतिले प्रसारण क्षेत्रलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण र निजी प्रसारणमा वर्गीकरण गरेको छ । नीतिमा तीन प्रकारका प्रसारण सेवाका लागि फ्रिक्वेन्सी बाँडफाँड गर्ने उल्लेख छ । सामुदायिक रेडियोको उद्देश्य, स्थायित्व र विषयवस्तुका आधारमा वर्गीकरण गरी तदनुरूप मापदण्ड बनाई सुविधा र सहुलियत प्रदान गर्ने भनिएको छ । सामुदायिक रेडियो मूलतः स्थानीय विषयवस्तुमा केन्द्रित रहनुका साथै आफ्नो समुदायका हकहितका सवालमा जानकारी दिने प्रसारण माध्यम हो । यो विषयलाई आमसञ्चार नीतिले समेटेको छ । तर नीतिअनुसार बन्नुपर्ने कानुन, नियम कहिले निर्माण हुने हो विश्वास गरिहाल्ने अवस्था छैन । बनेका नीति नियमको कार्यान्वयनमा उत्तिकै समस्या छ । हामी सामुदायिक रेडियो नमुना बनोस् भन्ने चाहन्छौं । सहभागितामूलक बनोस्, अझ व्यापक समुदायको सक्रियता र पहलकदमीमा कार्यक्रम तय होस् भन्ने चाहन्छौं । समुदायका रुचि, चाहना र आवश्यकतालाई समेटेर कार्यक्रम निर्माण गर्न प्रेरित गरिरहेका छौं । हामीसँग थुप्रै सफल र उदाहरणीय एफएम रेडियो छन्, त्यस्ता अभ्यासबाट पनि हामी रेडियोको प्रभाव र सफलताको मापन गर्न सक्छौं । स्वामित्वका हिसाबले सामुदायिक रेडियो भनेर गैरसरकारी संस्थाले सञ्चालन गरेका, सहकारीको स्वामित्वमा भएका, सामुदायिक क्याम्पसले सञ्चालन गरेका र समुदायको सहभागितासहितको स्थानीय निकायले सञ्चालन गरेका एफएम रेडियोलाई सामुदायिक रेडियोको परिचय दिइएको छ ।



**टाठाबाठा र पहुँचवालाबाट श्रोतसाधनको अत्यधिक दोहन भएको छ, यिनै विषयलाई खोजेर नागरिकसम्म पुऱ्याउनु हाम्रो दायित्व हो**

स्थानीय सरकारले सामुदायिक रेडियोको प्रभाव र पहुँचलाई सदुपयोग गर्छु भन्यो भने कुनै कानुनले बाधा अवरोध गर्दैन । सामुदायिक रेडियोसँग साझेदारी गर्ने भनेको नागरिक सहभागिता बढाउने हो । सामाजिक जागरण र सकारात्मक रूपान्तरणतर्फ समुदायलाई उत्प्रेरित गर्ने हो । यसका निम्ति सरोकारवाला पक्षसँग अकोरबले निरन्तर प्रयत्न गरिरहेको छ ।



सल्यानस्थित रेडियो कपुरकोटको वार्षिकोत्सव समारोह ।

**दिगो विकासको लक्ष्यमा सरकार, दातृ निकाय, गैरसरकारी संस्था सबै केन्द्रित भएको अवस्थामा सामुदायिक रेडियो कसरी साझेदार हुन सक्छन् ?**

दिगो विकासको कुरा गर्दा यसमा धेरै विषय जोडिएर आउँछ । पहिलो कुरा त, दबिएका, हेपिएका, अवसरबाट वञ्चित गरिएकाको आवाज आउनुपर्‍यो । संविधान र कानुनले सबैलाई समान भनेको छ । मौलिक हक सबैको एउटै हो । मानव अधिकार सबैको छ । तर पनि यउटै देशका नागरिकले फरक व्यवहार महसुस गर्नुपर्ने किन ? यसका कारणहरू खोज्यौं भने हामी वास्तविकतामा पुग्छौं । नागरिकलाई पहिला नागरिकको हैसियतमा ल्याउनु पर्‍यो । त्यो हैसियतले आत्म सम्मान दिलाउँछ । त्यो आत्मविश्वासले अरू धेरै सवालमा आत्मनिर्भर बन्न प्रेरित गर्छ । सूचनाको पहुँच भएको नागरिकले आफ्नो हित आफैं खोज्ने, आफूलाई प्रतिस्पर्धी बनाउने र समाजमा स्थापित हुने अवसर पाउँछ । यस्तै अधिकारमुखी रचनात्मक कार्यका निम्ति सामुदायिक रेडियो आवश्यक भएको हो । सामुदायिक रेडियो वैकल्पिक सञ्चारमाध्यमका रूपमा प्रयोग भएकाले यो नागरिकको दैनिक जीवनसँग गाँसिएको हुन्छ । नेपालकै अनुभवले यस्ता सफलता हाँसिल भएको उदाहरण छन् । एउटा व्यक्तिले सूचना पाउँदा र नपाउँदाको अन्तर भनिरहनु पर्दैन । आधारभूत कुरा त यिनै हुन्, शिक्षाको कुरा, स्वास्थ्यको कुरा, खानेपानी र सरसफाइको कुरा, कुनै किसानले राज्यबाट प्राप्त गर्ने सेवा सुविधा । राज्यले त हरेक नागरिकका लागि सेवा सुविधाको प्रबन्ध

गरेको छ,  तर पुग्नै पर्ने ठाउँमा नपुगेको अवस्था छ। टाठाबाठा र पहुँचवालाबाट स्रोतसाधनको अत्यधिक दोहन भएको छ। यस्ता विषय खोजेर नागरिकसम्म पुऱ्याउनु हाम्रो दायित्व हो। यस्ता कामले सूचनाको खाडल अन्त्य गर्छ। राज्यले जुन वर्गका निम्ति, जुन क्षेत्रका निम्ति, जुन समुदायका निम्ति बजेट छुट्याएको छ, नीति र कार्यक्रम ल्याएको छ, त्यसैलाई हामीले स्पष्ट ढंगबाट लक्षित समुदायसम्म पुऱ्याउने हो भने उनीहरूले सेवा प्रदायकसँग सेवा पाउने हकका रूपमा माग गर्छन्।

उनीहरूलाई सशक्त बनाउने काममा सञ्चारमाध्यमको महत्वपूर्ण जिम्मेजारी हुन्छ। राज्यले विशेष संरक्षण र सहुलियत दिनुपर्ने आवश्यकता महसुस गरेरै महिला, बालबालिका, दलित, अल्पसंख्यक, फरक क्षमता भएकाका निम्ति  छुट्टै बजेटको प्रबन्ध गरेको हो। लक्षित समुदायसम्म कार्यक्रम पुग्यो कि पुगेन ? पुगेको भए कस्तो प्रभाव पऱ्यो ? सामुदायिक रेडियोले यस्ता सामग्रीलाई उच्च प्राथमिकता दिनुपर्छ। दुर्गम भेगमा सञ्चालित परियोजनामा नागरिकको सहभागिता छ कि छैन भन्ने कुराले ठूलो अर्थ राख्छ। जब त्यहाँ नागरिकको सहभागिता हुँदैन, नागरिकले अपनत्व महसुस गर्न सक्दैनन् र त्यसको दिगोपनका लागि उनीहरूले चासो राख्दैनन्। हामी हाम्रो दिगो विकासको मार्गमा आउने यस्ता तगारा उद्देश्य मिल्ने सबैसँगको साझेदारीमै हटाउन सक्छौं। सामुदायिक रेडियोको योजनाबद्ध कामले सामाजिक परिवर्तन र दिगो विकासकै गन्तव्यमा पुग्ने हो।

**सामुदायिक रेडियोलाई बजारीकरणको पनि समस्या देखिन्छ। सरकारी एवं गैरसरकारी क्षेत्रको स्रोत साधनसम्म यिनको पहुँच पुग्न सक्दैन। यस्तो अवस्थामा रेडियोको दिगोपना कसरी सम्भव छ ?**

सामुदायिक रेडियोको दिगोपनाका केही मुख्य आधारमध्ये स्रोत व्यवस्थापन प्रमुख हो। तर आर्थिक स्रोतमात्र सबैथोक हो भन्ने मनोविज्ञानसँग म सहमत छैन। सामुदायिक रेडियो स्थापना गर्दा समुदायको सहभागिता र सक्रियतालाई भन्दा हतारमा टावर र पावर जोडेर रेडियो प्रसारण गर्नमा हाम्रो ध्यान जान्छ। संकट हामी बल गरेर भित्र्याइरहेका हुन्छौं। दीर्घकालीन योजनासहित रेडियो सञ्चालन गर्नेले स्रोत साधनको ठूलो संकट व्यहोर्नु परेको छैन। रेडियो सञ्चालन गर्ने अभियानमा सहमत हुनेका बीच पर्याप्त छलफल गरी अघि बढ्दा कुनै समस्या आयो भने पनि समाधानको जुक्ति समूहबाटै आउँछ। समुदायको पुँजी भएकाले यसको दिगोपनाका निम्ति समुदायको पनि सरोकार हुन्छ। स्रोत व्यवस्थापन एउटै तरिका र पद्धति अवलम्बन गरेर सफलता हात नलाग्न सक्छ। त्यस्तै परम्परागत बजारको भर परेर हामी धेरै सिर्जनात्मक र समुदायका रुचि तथा सरोकारका विषयवस्तु पस्कन सक्दैनौं। स्रोत पाउने नाममा त्यसैका लागि भारी बोक्नुपर्ने अर्थात् उसको स्वार्थपूर्ति गर्नु पर्ने भयो भने सामुदायिक रेडियोको प्रभावकारिता रहँदैन। त्यसैगरी परम्परागत बजारबाट विज्ञापन लिँदा पनि त्यो विज्ञापनले समुदायमा कस्तो प्रभाव पार्छ हामीले ख्याल गर्नुपर्छ। आम्दानी हुने भो भनेर जस्तोसुकै सर्त मान्ने कुरा हुँदैन। हामीले सामुदायिक रेडियोको लक्ष्य र उद्देश्य मिल्ने साझेदारको खोजी गर्ने र उनीहरूसँग मिलेर अघि बढ्नु पर्छ। एउटै स्रोतमा धेरै आश्रित हुनेभन्दा धेरै स्रोतमार्फत आम्दानी गर्दा त्यसले सञ्चार माध्यमको स्वतन्त्रता बचाउनुका साथै विश्वास आर्जन गर्नमा मद्दत गर्छ।

सामाजिक बजारीकरण हाम्रै मुलुकभित्रका अभ्यासबाट हामीले नयाँ तरिका हाँसिल गर्न सक्छौं। अहिले धेरै संख्यामा रेडियो खुले, सामुदायिक रेडियोमात्रै ३ सयभन्दा धेरै छन्। यसमा कार्यरत ठूलो जनशक्तिलाई हामीले सीप र सिर्जना हस्तान्तरण गर्नुपर्ने छ। यसमा दक्ष भएका पनि अभ्यासले खारिएका हुन्। राज्यले जनशक्ति उत्पादनमा चासो दिएको छैन। सम्बन्धित मन्त्रालयको रुचि यतातर्फ देखिएन। सञ्चालकहरू पनि जनशक्तिभन्दा पूर्वाधारमा लगानी गर्न बाध्य छन्। योग्य, दक्ष र प्रतिभावान् जनशक्ति तयार गरेमा हाम्रो सेवा अझ गुणस्तरीय हुन्छ र दिगोपनाको आधार निर्माण हुन्छ। सामुदायिक रेडियोको दिगो विकास र स्थायित्वका निम्ति राज्यले नै विशेष कोषको व्यवस्था गर्नुपर्छ। एउटा रेडियोले वा एउटा संस्थाले मात्र प्रयास गरेर पर्याप्त हुँदैन। ●

# सामुदायिक रेडियो प्रभावकारिता र चुनौती



**लक्ष्मण खड्का**
कोषाध्यक्ष, अकोराब

निकै लामो संघर्ष र दबाबपछि सरकारले २०४९ मा रेडियो प्रसारण ऐन बनाएसँगै नेपालमा एफएम रेडियो स्थापनाको ढोका खुलेको हो । २०५४ जेठ ९ गते नेपालकै पहिलो सामुदायिक एफएम रेडियो सगरमाथाको प्रसारण सुरु भएपछि सामुदायिक रेडियोको आन्दोलन सञ्चार क्षेत्रको विकाससँग जोडिएर एउटा अभियानका रूपमा अघि बढिरहेको छ । पछिल्लोपटक मनाङको रेडियो मनाङले प्रसारण सुरु गरेसँगै मुलुकका ७५ वटै जिल्लामा सामुदायिक रेडियो विस्तार भएको छ । अब मुलुकको शतप्रतिशत जनसंख्यासम्म सामुदायिक रेडियोको पहुँच पुगेको छ भने करिब ७० प्रतिशत भूभागमा सामुदायिक रेडियोहरूमात्रै सञ्चारका निर्विकल्प साधन बनेका छन् ।

मुलुकभर ३ सय १५ भन्दा बढी सामुदायिक रेडियो प्रसारणमा रहेकामा ३ सय रेडियो सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) मा आवद्ध भइसकेका छन् भने पछिल्लोपटक प्रसारणमा आएका १५ वटाले सदस्यताका लागि संघमा निवेदन दिएका छन् ।

सामुदायिक रेडियो सञ्चालनका लागि समुदायले गरेको लगानी ३ अर्बभन्दा बढी छ । नेपालका सामुदायिक रेडियो स्टेशनमा स्वयंसेवी, पूर्णकालीन र आंशिक गरी १० हजारभन्दा बढी सञ्चारकर्मी प्रत्यक्ष रूपमा सहभागी छन् । सामुदायिक रेडियोको प्रसारण र पहुँच मुलुकभर पुगेको छ । सामुदायिक रेडियोमार्फत नै नागरिकले सूचना, शिक्षा र मनोरञ्जनका साथै आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दै आएका छन् । लोकतान्त्रिक व्यवस्थालाई आधारभूत तहका नागरिकसम्म अभ्यास गराउने माध्यम पनि बनेको छ, सामुदायिक रेडियो ।

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा नेपालका सामुदायिक रेडियोले निर्वाह गरेको भूमिका राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमै नमुनाका रूपमा लिइन्छ । लोकतान्त्रिक आन्दोलनमा नेपालका रेडियोले खेलेको भूमिका प्रशंसनीय छ । सामुदायिक रेडियोले अन्य सञ्चार माध्यमको पहुँचबाहिर रहेका नागरिकलाई सूचना, शिक्षा र जानकारी प्रदान गरी नागरिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । २० वर्षयताको अवस्थालाई हेर्ने हो भने सामुदायिक रेडियो स्टेसनको संख्या र लोकप्रियता निक्कै छिटो बढेको छ । यसका मुख्य कारण लोकतन्त्र स्थापना, विकेन्द्रीकरण बढ्नु, सञ्चार माध्यमअनुकूल ऐन कानुनमा सुधार हुनु र सरकारी निकायबाट प्रसारण अधिकार सहज बन्दै जानु हो ।

विकास भनेको सडक, सिँचाइ, खानेपानी, पुल, भवनमात्रै हुन् भन्ने गलत दृष्टिकोणले सरकारी निकाय ग्रसित छ । विगतमा स्थानीय निकायमा जाने अनुदानको कुनै पनि हिस्सा संचार क्षेत्र र संचार सम्बद्ध कार्यक्रममा जोडिन सकेको थिएन । परिणामत जिल्ला र गाउँ तहसम्मका सरकारी निकायले सञ्चार क्षेत्रको विकास र यसले पुऱ्याएको योगदानलाई पूर्ण आत्मासाथ गर्न सकेनन् । नेपालका सामुदायिक रेडियोलाई सरकारी सहयोग, समन्वय र प्रभावकारी अनुगमनको

सामुदायिक रेडियोले समुदायको आर्थिक, सामाजिक र शैक्षिक विकासमा पुऱ्याएको योगदानको कदर गर्दै सरकारले विकास र संचारलाई सँगसँगै जोडर लैजाने नीति अख्तियार गर्न आवश्यक छ



**सामुदायिक रेडियो संख्यात्मकभन्दा गुणात्मक बनाउनुपर्ने चुनौती हाम्रासामु छन्**

खाँचो खड्किएको छ । मुलुकको पुनःसंरचना भएर स्थानीय तहमा जनप्रतिनिधिसमेत निर्वाचित भइसकेको अवस्थामा केही आशा गर्न सक्ने आधार भने बन्दै गएको छ । मुलतः स्थानीय तहले विकास निर्माणको अभियानसँग सामुदायिक रेडियोलाई पनि साथसाथै लैजान जरुरी छ । विकासमा सञ्चारको भूमिका महत्वपूर्ण हुने र आमसञ्चार माध्यममध्ये ग्रामीण क्षेत्रमा रेडियो लोकप्रिय भएका कारण स्थानीय तहले यसको भरपुर उपयोग र संरक्षणमा जोड दिन आवश्यक छ । स्थानीय तहलाई वार्षिक योजना र कार्यक्रम निर्माणकै चरणमा सामुदायिक रेडियोसँगको साझेदारीका लागि आजैबाट पैरवी गर्न सकिए स्थानीय स्तरका रेडियोको दिगोपनामा टेवा पुग्ने छ ।

सामुदायिक रेडियो भनेजस्तो समुदायमैत्री र विषयवस्तु केन्द्रित बन्न नसक्नु र सरकारले रेडियोको पहुँच र प्रभावकारितालाई उपयोग गर्दै सरकारी तहबाट हुने सहयोग उपलब्ध हुन नसक्नु रेडियो आन्दोलनको मुख्य चुनौती हो । सामुदायिक रेडियो संख्यात्मकभन्दा पनि गुणात्मक बनाउनुपर्ने चुनौती हाम्रासामु छन् । छापा र विद्युतीय सञ्चार माध्यमलाई हेर्ने सरकारी दृष्टिकोण नै अन्यायपूर्ण छ । विद्युतीय आमसञ्चार माध्यमलाई पनि छापा माध्यमसरह वर्गीकरण गरी लोक कल्याणकारी विज्ञापन मासिक रूपमा वितरण हुनु जरुरी छ । विद्युतीय र छापा माध्यम दुवैलाई संविधानले समान हैसियत प्रदान गरेको भए पनि व्यवहारमा विद्युतीय सञ्चार माध्यमले छापा माध्यमले भन्दा अतिरिक्त रोयल्टी तथा नवीकरण शुल्क तिर्नु परेको छ । गैरनाफामूलक उद्देश्यले सामुदायिक हित र विकासका निम्ति सञ्चालन भएका सामुदायिक रेडियोले वार्षिक नवीकरण शुल्क तथा आम्दानीबाट रोयल्टी लिने नियमावलीको व्यवस्था तत्काल खारेज गर्न सामुदायिक रेडियो प्रसारक संघले सरकारसँग माग गर्दै आएको छ ।

संविधानसभामार्फत नयाँ संविधान घोषणा भइसकेको र सरकारले आमसञ्चार-नीतिसमेत ल्याएको छ । राष्ट्रिय आमसञ्चार नीति २०७३ ले सामुदायिक रेडियोलाई सामुदायिक प्रसारणको पहिचान दिएको छ । नयाँ संविधान र नयाँ सञ्चार नीतिअनुसार ऐन, नियमावली, सञ्चार-माध्यमलाई हेर्ने दृष्टिकोण र व्यवहार पनि समयानुकूल परिवर्तन गर्न आवश्यक छ । सामुदायिक रेडियोबाट सरकारले लिने रोयल्टी र नवीकरण शुल्क हटाउनु पर्ने, विज्ञापनको एकद्वार नीति बनाई कार्यान्वयन गर्नुपर्ने, फ्रिक्वेन्सी वितरणमा एकरूपता र निष्पक्षता हुनुपर्नेलगायत एजेण्डामा संघले सरकारको पटक-पटक ध्यानाकर्षण गराउँदै आएको छ ।

लोकतन्त्र अर्थात् प्रजातान्त्रिक विधि र प्रक्रियालाई बलियो बनाउनका लागि रेडियोको बहुलवाद अनिवार्य छ । यसले मानिसलाई सूचनाको विविधतामा पहुँच बढाउँछ र दिगो मानव विकासका लागि लोकप्रिय सहभागिता बढाउने कुरालाई सुनिश्चित गर्छ । सामुदायिक रेडियो भनेको जनसेवी प्रसारणको एउटा रूप हो, तर यसले काम गर्ने तरिका परम्परागत प्रसारणभन्दा फरक हुन्छ । तसर्थ अब सञ्चार माध्यमलाई विकासको अभियानसँग जोडेर लैजान आवश्यक छ । सरकारी तथा गैरसरकारी निकायले सञ्चार क्षेत्रको विकासलाई पनि विकासकै रूपमा आत्मासाथ गर्न जरुरी छ । सामुदायिक रेडियोले समुदायको आर्थिक, सामाजिक र शैक्षिक विकासमा पुऱ्याएको योगदानको कदर गर्दै सरकारले विकास र सञ्चारलाई सँगसँगै जोडेर लैजाने नीति अख्तियार गर्न आवश्यक छ ।




# नेपाल जोड्दै
## भाषा र संस्कृति जोगाउँदै

'हामी २० वर्षदेखि सामुदायिक रेडियोलाई सम्बोधन गर्ने एउटा ऐन कानुन खोजी रहेका छौं । यसको पहिचान खोजिरहेका छौं, यसलाई समुचित ढंगबाट सम्बोधन हुन सकेको छैन ।' सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालका अध्यक्ष सुवास खतिवडाले गुनासो गर्दा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुल्लुक्क हेर्नु भयो । अकोराबले आयोजना गरेको विश्व रेडियो दिवसको कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्री 'प्रचण्ड' को हेराइमा दुईवटा भाव झल्किन्थ्यो । या उहाँलाई आश्चर्य लागिरहेको थियो या त चिन्ता लिनुपर्दैन भन्ने भाव दर्शाइरहनु भएको होला ।

कार्यक्रमका क्रममै उहाँले त्यसको जवाफ दिनु भयो । 'नेपालमा सामुदायिक रेडियोले आफ्नो प्रसारण सुरु गरेको १९ वर्ष पूरा भई देशभरका झण्डै सवा तीन सय सामुदायिक रेडियोको विस्तार हुनु निकै उत्साहवर्द्धक प्रगति हो । सरकारले के गर्दा सामुदायिक रेडियोका लागि सहज हुन्छ, सरकार गर्न तयार छ । म यहाँबाट फर्केपछि सञ्चारमन्त्रीलाई बोलाएर छलफल गर्नेछु ।'

# ‘सामुदायिक रेडियोप्रति सरकारको छुट्टै दृष्टिकोण’



● **पुष्पकमल दाहाल**
तत्कालीन प्रधानमन्त्री

नेपालको सन्दर्भमा सरकारी रेडियो, सामुदायिक रेडियो र निजी क्षेत्रका रेडियोले रेडियो प्रविधिका माध्यमबाट नेपाली जनताको सूचनाको हकको प्रवाहका लागि सरकारको मुख्य साझेदारका रूपमा भूमिका निर्वाह गर्दै आएका छन् । तिनले सूचनामा नागरिकको पहुँच बढाउनुको अलावा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, मानवअधिकार, विधिको शासन र शान्तिपूर्ण सामाजिक रूपान्तरणका लागि अहम् भूमिका खेलेका छन् । सामुदायिक रेडियो साँच्चिकै नागरिकको एउटा विशिष्ट जीवनशैली बनेको छ ।

वास्तवमा सञ्चारले के कस्तो परिवर्तन र संगठनको विस्तार गर्न सक्छ भन्ने वास्तविक उदाहरण गाउँ गाउँबाट रेडियो स्थापना गर्न र त्यसका निम्ति तपाईहरूले देखाएको विशेष पहल र सक्रियताले पनि प्रमाणित गरिसकेको नै छ । अझ दुर्गम ग्रामीण क्षेत्र र पत्रपत्रिका पुग्न नसक्ने ठाउँमा खुलेका सामुदायिक रेडियो र अशिक्षित जनतामा यसको प्रभावकारिता पनि यसको विकासका प्रमुख आधार हुन् ।

सामुदायिक रेडियोको संख्यात्मक वृद्धिले देशको भाषिक र सांस्कृतिक विविधतालाई संरक्षण र सम्वर्द्धनमा महत्वपूर्ण योगदान गरिरहेको छ । सामुदायिक रेडियोको दिगो विकासका लागि छुट्टै कार्यक्रम ल्याउन संचारमन्त्रीका साथै सरोकारवाला मन्त्रालयलाई विशेष रूपले म यसै मञ्चबाट निर्देशित गर्न चाहन्छु । यहाँ उठेका कुरालाई अविलम्ब मैले क्याविनेटबाट के कति गर्न सकिन्छ त्यसमा पहल लिने विश्वास पनि दिलाउन चाहन्छु ।

**सामुदायिक रेडियो समाजको अंग**

अहिले सामुदायिक रेडियोले जसरी ग्रामीण क्षेत्रदेखि सबै जातजाति, भाषाभाषी, वर्ग समुदायका भावनालाई अभिव्यक्त गर्ने एउटा नयाँ जागरण पैदा गर्ने ऐतिहासिक भूमिका खेलिरहेका छन् । विश्व रेडियो दिवश मनाउँदै गर्दा अबको स्थानीय निकायका साझेदारका रूपमा सामुदायिक रेडियो हुन सक्नेछन् । सम्पूर्ण उत्पीडित वर्ग, जाति, क्षेत्र, भाषा, समुदाय सबैको पहिचान र अधिकार स्थापित हुनुपर्छ भनेर हामीले केन्द्रित रूपमा एउटा इन्टिग्रेटेड एप्रोचमा काम गर्न जरुरी छ । विश्व रेडियो दिवसको सन्दर्भमा सञ्चार माध्यमको पहुँच बाहिर रहेको दुर्गम एवं पछाडि परेका क्षेत्रमा सञ्चालित सामुदायिक रेडियोलाई छापा माध्यमसरह र त्योभन्दा पनि विशेष सहयोग र सहुलियतको प्रबन्ध मिलाउने प्रतिबद्धता दिलाइने छ । रेडियोलाई विशेष सहुलियतसँगै रेडियोकर्मीलाई सीपमूलक एवं क्षमता विकाससम्बन्धी तालिमको पहल गर्ने विश्वास दिलाउन चाहन्छु ।

जसको आवाज छैन उहाँहरूले आवाज राख्ने मौका पाउनुभएको छ । जसले नेपाली भाषा पनि राम्रोसँग बुझ्नु हुन्न उहाँहरूले आफ्नै भाषाबाट रेडियो कार्यक्रम सुन्न पाउनु भएको छ । समुदायमा आधारित कार्यक्रम उत्पादन गर्दा समाजको सन्तुलन र मूल्य-मान्यतालाई सहमतीय आधारमा परिमार्जन गर्ने माध्यम बनेको छ, रेडियो । समुदायका उदाहरणीय काम रेडियो बहसका विषय बन्ने गरेका छन् । क्षेत्रीय भाषाभाषीका कार्यक्रम र समाचारले पनि समुदायका विभिन्न जातजातिलाई रेडियोसँग जोडेको छ । अकोराबका अध्यक्ष खतिवडाले नेपालको बहुलवादी चरित्र सामुदायिक रेडियोमा प्रतिविम्ब भएको बताउनुभयो ।

'महिलाले रेडियो चलाउनुभएको छ, गरिबहरूको नेतृत्वमा रेडियो सञ्चालनमा छ, अल्पसंख्यकले रेडियो चलाउन पाउनुभएको छ,' खतिवडाको कथन थियो, 'म प्रधानमन्त्रीज्यूलाई जानकारी गराउन चाहन्छु, करिब ३५ सयमात्रै जनताले बोल्ने हायू भाषामा समेत आज रेडियो कार्यक्रम प्रसारण भइरहेको छ । थामी भाषामा कार्यक्रम भइरहेको छ, चेपाङ भाषामा कार्यक्रम बजिरहेका छन् । आफैंले नेतृत्व गरेर रेडियो चलाउनु पनि भएको छ ।' नेपालको भाषा, संस्कृति बचाउन सामुदायिक रेडियोको योगदान महत्वपूर्ण छ । सामुदायिक रेडियोले सरकारको अनुपस्थितिमा त्यसको काम गरिरहेका छन् । समुदायका कुरा नीतिगत तहमा पुऱ्याउने र समस्यालाई समाधान गर्ने काम रेडियोले नै गर्छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै सामुदायिक रेडियोको विश्व संगठन अमार्कका सहअध्यक्ष मीनबहादुर शाहीले सरकार नपुगेको बस्तीमा सामुदायिक रेडियो पुगेर जनताका पीरमर्का प्रशासककहाँ पुऱ्याउन सफल भएको बताउनुभयो ।

आफ्नो निकटमा आफ्नै स्वामित्व र सक्रियतामा सञ्चालित सामुदायिक रेडियोकै कारण समुदायले आफ्ना रुचि र सरोकारका सवाल

# 'पहिलोपटक राजधानी देखें'

*महोत्तरीको मुसहर बस्ती पहिलाजस्तो छैन। धुर्मुस-सुन्तलीले बनाएको नमुना बस्तीमा अब झुपडी भेटिँदैनन् । त्यही मुसहर बस्तीका एसएलसी पास एक्ला व्यक्ति हुन मञ्जे सदा । एउटा सानो झुपडी । अलिअलि भाँडाकुँडा । एउटा कुनामा चुल्हो । चुल्होसँगै जोडिएको ओछ्यान । ओछ्यानमा ५५ वर्षीय वृद्ध बाबु, आमा, दाजु-भाउजू र भतिज-भतिजी गरी १०/१२ जना सँगसँगै । मञ्जे सदा पनि त्यहीँ बसेर भविष्य बनाउने आसमा वर्तमानसँग संघर्ष गरिरहेका छन् । पहिलोपटक काठमाडौं देखेपछि उनी चकित परे ।*



पहिलोपटक राजधानी देख्न पाउँदा असाध्यै खुसी लागेको छ । म मन्जे सदा, या नि मुसहर । त्योभन्दा पनि प्रधानमन्त्रीबाट सञ्चारको माध्यम रेडियो पाउँदा बर्दिबासको मुसहर समुदायमा खुसीको कुनै सिमै छैन । हामी मुसहर समुदाय दलित भएकै कारण सामाजिक रूपमा पिछडिएका छौं । जनचेतना, शिक्षा, स्वास्थ्यमा मात्र होइन, मानव जीवनको आवश्यकता गाँस, बास र कपासबाट नै वञ्चित छौं । हामी गरिब भएकै कारण आफ्नो बालबालिकालाई चाहेर पनि पढाउन सक्दैनौं । स-साना बालबालिकाका लागि कसैले विद्यालय पढ्न सक्ने वातावरण सिर्जना गरिदिएको भए हामी असाध्यै खुसी हुन्थ्यौं । उनीहरूले पनि संसार बुझ्न सक्ने थिए र आफ्नो जीवन यथार्थ आफैंले सुधार्न सक्थे जस्तो मलाई लाग्छ ।

हाम्रो देशको राष्ट्रिय कलाकार तथा समाजसेवी धुर्मुस सुन्तली, उहाँको सक्रियतामा एकीकृत नमुना मुसहर बस्ती बनाइदिने घोषणा भइसकेको छ । त्यसले गर्दा मुसहर समुदायमा खुसीको कुनै सिमै छैन । उहाँहरू एकदमै हर्षित हुनुहुन्छ । धुर्मुस-सुन्तली उहाँहरू भगवान् राम र सीताको जोडीजस्तै बनेर हाम्रो गाउँमा आउनु भयो । मुसहर समुदाय अझ पनि पिछडिएको छ । चरम गरिबीका रूपमा पछाडि परेका छन् । अहिले उहाँहरू हाम्रा लागि सरकार हुनुहुन्छ । हामी सरकारबाट शिक्षा, स्वास्थ्यका लागि विनम्र अनुरोध गर्छौं र सरकारको विशेष पहल होस् भन्न चाहान्छु ।




सुन्न र सुनाउन अभ्यस्त छन् । यसको उपयोगिताकै कारण छोटो अवधिमै नेपालमा ३ सयभन्दा बढी सामुदायिक रेडियो प्रसारणमा आइसकेका छन् । विकासोन्मुख देशका लागि रेडियो सशक्त माध्यमका रूपमा विकास भइरहेको छ । एफएम रेडियोको विकास र विस्तारसँगै अहिले सहरदेखि दुर्गमका अधिकांश गाउँसम्म सूचनाको पहुँच पुगेको छ । गाउँघरका कुलो खन्ने, बाटो बनाउने, पूजा गर्ने र मेला लाग्ने कुरा रेडियोका समाचार बनिरहेका छन् । दुर्गम गाउँमा भैँसीलाई राँगो चाहिँदा वा बाख्रीका लागि उन्नत जातको बोका तयार हुँदासमेत आफ्ना सूचना रेडियोमार्फत प्रसार गर्न थालिएको छ ।

नेपालका निरक्षर जनसंख्यालाई सूचना दिन, सीप सिकाउने रेडियो एकमात्र विकल्प भएको नेपाल पत्रकार महासंघका उपाध्यक्ष खिलबहादुर भण्डारीको भनाइ थियो । 'हिजो खेतका कान्लामा काम गर्दै सुन्दा होस्, चाहे माओवादीको जनयुद्धमा, रेडियो जीवन रक्षाका लागि उपयोगी साधन बनेको थियो,' उहाँले भन्नुभयो, 'अहिले पनि नागरिकको साथीका रूपमा रेडियोलाई लिन सकिन्छ, राज्यले यसमा लगानी गर्नैपर्छ ।'

सबैभन्दा साधारण मान्छेको पहुँचमा पुग्ने माध्यम रेडियो हो भन्नेमा दुईमत छैन । दक्षिण एसियामा स्वतन्त्र रेडियो स्थापना र विस्तारमा पहिलो भएको नेपालमा पछिल्लो समय विस्तारित रेडियोका संख्याले विकृति र विसंगतिपूर्ण जोखिमको घन्टी बजाएको छ । सरकारी नीतिको अस्पष्टताका कारण पनि रेडियो सञ्चालनमा अप्ठ्यारो भएको उहाँले बताउनु भयो ।

सामुदायिक रेडियोले गरेको मेहनत र पहलकदमीमा सरकारसँग साझेदारी गर्न चाहेको तर नीतिगत अप्ठ्यारा भएको अकोराब अध्यक्ष खतिवडाको भनाइ थियो । राज्यले भनिरहेको सम्मृद्धितर्फको यात्रामा सामुदायिक रेडियोहरू सहकार्य गर्न तयार रहेको पनि उहाँले बताउनुभयो । 'सरकार, विकासका साझेदार, सरोकारवाला निकाय सबैले विकास र समृद्धि चाहेका छन्,' अध्यक्षले भन्नुभयो, 'हामी सबै हातेमालो गरेर अगाडि बढौँ । विकासलाई अझ ऊर्जा दिन सामुदायिक रेडियो र रेडियोकर्मी त्यसमा प्रतिबद्ध छौँ ।' अहिले नीतिगत अप्ठ्यारोमा समाजलाई योगदान दिने अवस्थामा रेडियो छैन । विपन्न मानिसले वर्षैपिच्छे बच्चा जन्माएर भगवान् भरोसा छाडेजस्तै माग्न आउनेजतिलाई इजाजत दिने तर बाचोस् या मरोस् मेरो मतलब होइन भनेजस्तो छ । राष्ट्रिय ढङ्गमा हामीले जुन अभ्यासको कुरा गरिरहेका छौँ, त्यसमा सुधार गर्नुपर्ने कुरा कहाँ छन् ? हामी हाम्रो अपनत्व कसरी खोजिरहेका छौं ? सामुदाय नै सामुदायिक रेडियोको सञ्चालक हो, त्यसमा रेडियोको ध्यान कत्तिको गएको छ ? सहभागिताका हिसाबले हामीकहाँ छौँ ? विश्व रेडियो दिवस मनाउँदा समीक्षा जरुरी छ । ●

# सामाजिक रूपान्तरण



सामुदायिक रेडियो प्रसारक संघद्वारा संचालित

## सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले चलाएका विशेष शृंखला



श्रीमतिको सफलतामा साथ दिईरहेका असल श्रीमानको खोजी ‘जीवन साथी कत्ति जाती’



दृष्टि नभएर पनि संसार चियाउनेहरुको कथा ‘मनले देखेको संसार’



९० वर्ष काटेर पनि सक्रिय पाकापुस्ताका अनुभव समेट्ने प्रयास ‘नब्बे पार सक्रिय लगातार’

## कुरीतिविरुद्ध

# विशेष अभियान

नेपालमा ५७ वटा कुरीति कुनै न कुनै रूपमा विद्यमान छन् । पूर्वको ताप्लेजुङदेखि सुदूरपश्चिमको दार्चुलासम्म देखिएका यी कुरीति केही सतहमा छन्, केही विस्तारै अन्त्य हुने क्रममा छन् । तीमध्ये छाउपडी, बालविवाह, बोक्सी, छुवाछूत, दाइजोजस्ता कुरीति समाजमा ठूलो समुदायसँग जोडिएका छन् । सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले सामुदायिक सूचना नेटवर्क (सीआईएन) आठौं वार्षिकोत्सव (१५ जेठ) का अवसरमा मुख्य पाँचवटा कुरीतिविरुद्ध विशेष अभियान सुरु गरेको छ ।

सीआईएनको अगुवाइमा देशभरिका रेडियोमार्फत कुरीतिविरुद्ध सुरु विशेष अभियान निरन्तर जारी रहनेछ । अकोराबका सदस्य रेडियोहरू सीआईएन नेटवर्कमा ३ सयभन्दा बढी आवद्ध छन् ।

बिनाकुनै वैज्ञानिक आधार धर्म, संस्कृति र परम्पराका नाममा समाजले अपनाइरहेको कुरीतिका कारण विशेषगरी महिलाले अनाहकमा यातना पाउन छाडेका छैनन् । धर्म र संस्कृति जोगाउने नाममा संरक्षण हुँदै गएका कुरीतिले महिला प्रत्यक्ष रूपमा प्रभावित छन् ।

विशेष अभियानका क्रममा सीआईएन र रेडियोले समुदायमा जोडिएका कुरीतिविरुद्धको अभियानलाई प्रोत्साहन र जरा गाडिएका कुरीति अन्त्यमा खबरदारी गर्नेछन् । महिला मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग र नेपाल प्रहरीको महिला सेलसँगको समन्वयमा समेत यसलाई अगाडि बढाउने तयारी भइरहेको छ । कुरीतिविरुद्धको अभियानमा साथ दिन सामुदायिक रेडियो, त्यसक्षेत्रमा काम गर्ने दातृ निकाय, सरोकारवाला संघसंस्थालाई सहकार्य गर्न अकोराबले विशेष अपिल गरेको छ । सीआईएनले कुरीतिविरुद्ध हरेक हप्ताको आइतबार बिहान साढे ६ देखि ७ बजेसम्म आधा घण्टाको विशेष कार्यक्रम प्रसारण गरिरहेको छ । देशभरिका सामुदायिक रेडियोबाट प्रसारण हुने साझा खबरमा पनि विशेष स्थान दिइनेछ ।

# सामाजिक मुद्दाको अगुवाइ



लिलप्रकाश चन्द

समुदायको आवाज बोल्दै, खोतल्दै आएको सीआईएनले यो बीचमा महत्वपूर्ण उपलब्धिहरू पनि हाँसिल गरेको छ । विशेषगरी आठौं वार्षिकोत्सव पारेर चलाएको सामाजिक कुरीतिविरुद्धको अभियान र उठाएका मुद्दाले समाजमा सकारात्मक प्रभाव पार्न सक्यो । कानुनमा अन्त्य भएर पनि समाजमा अझै जरो गाडिरहेको सामाजिक कुरीति (छुवाछूत, दाइजो, बालविवाह, छाउपडी, बोक्सी) विरुद्ध सीआईएनले निरन्तर आवाज उठाइरह्यो ।

महिनावारी भएका बेला आँगनमा सुतेकै कारण धनगढीका मनसरीदेवी कुँवरकी भदैया बुहारीको गोली लागेर ज्याग गयो । धनगढीभन्दा अझ पर सुदूरपश्चिमका गाउँघरमा छाउपडी प्रथाका कारण मानव भएर पनि पशुचौपायाजस्तो जीवन बिताउन बाध्य महिलाको विषयले पनि सीआईएनमा राम्रै स्थान पाएको छ ।

आठौं वार्षिकोत्सवमा थालिएको कुरीतिविरुद्धको विशेष अभियान महिनावारी स्वच्छताबारे छलफलबाट सुरु भयो । सीआईएनको कुरीतिविरुद्ध अभियान चलेपछि जुम्लाका धामीझाँक्री नै छाउपडी प्रथाविरुद्ध लाग्न एकजुट भए भने मुगुका धामीझाँक्रीले छाउपडीको विरोध गरेको सामग्री पनि सीआईएनबाट प्राथमिकता साथ प्रसारण भयो ।

कुरीति अन्त्य समाज नेपालका अनुसार मुलुकका विभिन्न भागमा अझै पनि ४३ प्रकारका कुप्रथा परम्परा छन् । सरकारले कमैया प्रथा मुक्त गरेको १६ वर्ष बित्दा पनि कार्यान्वयन नभएर दुःखी जीवन बिताउँदै आएकाको विषयलाई पनि सीआईएनले प्राथमिकतासाथ उठायो । सीआईएनका व्यवस्थापक दीपक आचार्य भन्नुहुन्छ, ‘समाजमा विद्यमान कुप्रथालाई अन्त्य गर्न अब सीआईएनले विशेष अभियान नै चलाउने छ ।’

श्रीमान् गुमाउनुको पीडा रहँदारहँदै समाजले एकल महिलालाई मन लागेको कपडा लगाउन खान त दिएन नै बोक्सीको आरोपसमेत लगाउन थालेपछि रूपन्देहीमा चलेको ‘रातोटीका र पोते अभियान’ लाई सीआईएनले आफ्नै अभियान बनायो । श्रीमान् नभएका कारण समाजले दिने पीडा एकातर्फ छ



भने एउटै महिलाले धेरै पुरुषलाई श्रीमान्‌का रूपमा स्वीकार्नु पर्दाको बाध्यता भनी साध्य छैन । हुम्लाको सात गाविस र नुवाकोटका केही स्थानमा रहेको बहुपति प्रथाविरुद्ध पनि सीआईएन बोलिरह्यो ।

कमजोर आर्थिक अवस्था भएका दलित परिवारका बाबुबाजेले लिएको ऋण चुक्ता गर्न मालिकको सेवा गर्नुपर्ने परम्परा सुदूरपश्चिमका केही जिल्लामा अझै हटेको छैन । हलिया प्रथा अन्त्य घोषणा गरिएको १० वर्ष बित्दा पनि त्यहाँका नागरिक खुसीले बाँच्न पाएका छैनन् । कानुनले विवाह गर्ने उमेर २० वर्ष तोकेको छ, तर मुलुकका विभिन्न भागमा व्याप्त बालविवाहको अन्त्य र बहुविवाह निरुत्साहित गर्न स्थानीय सामुदायिक रेडियोको सहकार्यमा सीआईएनले विशेष शृङ्खला चलाइरहेको छ ।

दाइजो प्रथाकै कारण अहिलेसम्म ५० भन्दा बढी दिदीबहिनी जलाइएका छन् । कतिले ज्यानसमेत गुमाउनु परेको छ । तराईका जिल्लामा किनबेचकै शैलीमा प्रचलनमा रहेको दाइजो गाउँघर, सहर बजारमा जस्ताको त्यस्तै रहेको विषयमा पनि विशेष समाचार सम्प्रेण गरिएको समाचार प्रमुख गोविन्द खड्काले बताउनुभयो । जातीय छुवाछूतविरुद्ध सरकारले ऐन बनाए पनि कार्यान्वयन नहुँदा धारा, पानी र मन्दिर छुन नपाउनुका पीडा सर्वसाधारणदेखि कलाकारले समेत कष्टका साथ भोग्नु परिरहेको छ । सीआईएनको स्टुडियोसम्म आएर गायक यश कुमारले साट्नु भएका तीता मीठा अनुभवले पनि हाम्रा श्रोतामा कुरीतिविरुद्धको बुझाइमा थप टेवा पुगेको छ ।

कानुनमा अन्त्य भएर पनि छुवाछूत, दाइजो, बालविवाह, छाउपडी, बोक्सीजस्ता कुरीति समाजबाट अझै हट्न सकेका छैनन्

सीआईएन प्रभाव

# छाउपडी प्रथाविरुद्ध धामीझाँक्री

● **हरिकृष्ण महत**, रेडियो कर्णाली जुम्ला

कर्णालीका पाँच जिल्लासहित सुदूरपश्चिममा जरो गाडेर रहेको छाउपडी प्रथा न्यूनीकरण गर्न जुम्लाका धामीझाँक्री प्रतिबद्ध भएका छन् । सीआईएन र सामुदायिक रेडियोले थालेको अभियानमा साथ दिँदै छाउपडी प्रथालाई अन्त्य गर्न जुम्लाका धामीझाँक्रीले पनि अभियान चलाएका छन् ।

जुम्लाको तिला गाउँपालिकाका अम्मरसिंह रोकायाले धामीझाँक्रीको काम गर्न थालेको निकै वर्ष भयो । उहाँ यसअघि छाउपडी अथवा रजस्वला भएका महिलालाई न छुनु हुन्थ्यो नत अरू कसैले छोएको मन पराउनु हुन्थ्यो । तिनै रोकाया अहिले छुई मान्नु हुन्न । अब त गाउँलेलाई पनि छाउपडी प्रथा नमान्न सुझाव दिने रोकायाको प्रतिबद्धता छ । उहाँले छाउपडी केवल अन्धविश्वासमात्रै हो भन्ने बुझ्नु भयो । तातोपानी गाउँपालिकाकी झाँक्री नानी रावत पनि फेरिनु भएको छ । छाउपडी प्रथा नमानी सबै महिला तथा छोरीबुहारीलाई घरमा बस्न, पोषिला खानेकुरा खान र नियमित सरसफाइ गर्न सिकाउँदै महिलालाई रजस्वला अथवा छाउ भएका बेला घरमै बस्न सुझाव दिनुहुन्छ ।

छुई प्रथा नमान्न महिलालाई आग्रह गर्दै तातोपानी गाउँपालिका ४ का कृष्णप्रसाद पाण्डेले भन्नु भयो, 'महिला रजस्वला तथा छाउ हुनु भनेको फूल फुल्ने प्रक्रिया हो ।' महिला छाउ भएको समयमा बनाएको खाना खाने समाज बनाउनका लागि आफू सधैँ लागिपर्ने झाँक्री पाण्डेको प्रतिबद्धता छ । समाजमा सबैभन्दा छुई प्रथा बढी मान्ने धामीझाँक्री नै छुई प्रथा न्यूनीकरणमा लागेपछि अब जुम्लामा छुई प्रथाको समस्या हट्दै जाने अपेक्षा गरिएको छ ।

सीआईएन एक ठाउँ र एक परिवेशमा मात्रै सीमित रहेन । पुर्व-पश्चिम, उत्तर-दक्षिण सबैतिरको कुरीतिविरुद्ध आवाज उठाइरह्यो । र प्रसारण गरिरह्यो, त्यस्ता पीडाका आवाज । पीडितको प्रश्नको जवाफ र समस्याको निकास खोज्ने प्रयास भइरह्यो । हिमाली जिल्ला हुम्लाको बहुपति प्रथादेखि पहाडी जिल्ला सुदूरपश्चिम हुँदै काठमाडौँका कोठाकोठामा भेटिने छाउपडी प्रथा, तराई-मधेसमा देखिएको दाइजोविरुद्ध सीआईएनले विशेष अभियान चलायो ।

नियम कानुन बनाउन र आफ्नो क्षेत्रमा भएका सामाजिक समस्यालाई कानुन लागू गरी समाप्त गर्न भनेर संसद्सम्म आइपुगेका सांसदहरू कतै अलमलिएका त छैनन् ? सर्वसाधारणलाई मात्रै होइन सीआईएनले सांसदलाई पनि निरन्तर खबरदारी गरिरह्यो । सीआईएनको वार्षिकोत्सवमा कानुनका विज्ञ, सांसद तथा पत्रकारसँग सामाजिक कुरीतिविरुद्धमा छलफल चलाइयो भने आगामी दिनमा कसरी कुरीतिविरुद्ध लाग्न सकिन्छ भन्नेबारे सल्लाह सुझाव लिँदै अभियानमा लाग्ने प्रतिबद्धता पनि सीआईएनले व्यक्त गऱ्यो ।

कुरीतिविरुद्ध सरकारले ऐन, कानुन बनाए पनि कडाइका साथ कार्यान्वय नहुँदा निश्चित जाति, वर्ग र समुदायका नागरिक कुरीतिको चेपुवाबाट उम्कन सकेका छैनन् । तिनै नागरिकको दुःख र पीडामा साथ दिँदै कुरीतिको जालो तोड्न सीआईएनले विशेष अभियान थालेको हो । सामाजिक कुरीतिविरुद्धको मुद्दा सामुदायिक रेडियोको मुख्य मुद्दा नै बनेको छाता संगठन सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) का महासचिव गोविन्द देवकोटाको भनाइ छ । ●

अभियान विशेष रिपोर्ट

# पाठेघर खस्ने समस्या

धनमती बिष्टले २५ वर्षकै उमेरमा पाठेघरको शल्यक्रिया गर्नुभयो । बैतडी विशालपुरबाट डडेलधुरा उपक्षेत्रीय अस्पताल पुगेर उहाँले पाठेघर फ्याल्नु भएको हो । धनमतीसँगै २७ वर्षीया छिमेकी सुमित्रा बिष्ट पनि उस्तै उपचार गराउन पुग्नु भएको थियो । एउटै गाउँका ३० वर्षमुनिका ७ युवतीले पाठेघर शल्यक्रिया गरेको पहिलो घटना भएको उपक्षेत्रीय अस्पताल कैलालीले जनाएको छ ।

'१७ वर्षमै विवाह भो, २१ वर्ष पुग्दानपुग्दै तीन सन्तान जन्मिए,' धनमतीले भन्नुभयो, '४ वर्षदेखि तल्लो पेट दुख्ने समस्या सुरु भएको थियो । अहिले सहनै नसक्ने भएपछि शिविरमा आएकी हुँ ।' 'गर्भवती हुँदा होस् या सुत्केरीमा, घरको काम नगरी सुखै छैन,' शल्यक्रियापछि उहाँले भन्नुभयो, 'मजस्तै पीडित गाउँमा कति छन् कति ।' सुदूरपश्चिममा आङ खस्ने रोगबाट पीडितको संख्या निकै ठूलो छ । सुदूर पहाडमा कम उमेरमै आङ खस्ने समस्या बढ्न थालेको छ । क्षेत्रीय स्वास्थ्य निर्देशनालयका अनुसार पछिल्लो समयमा २० देखि ३५ वर्ष उमेर समूहका युवतीमा डरलाग्दो किसिमले यो रोग देखा पर्न थालेको हो । 'कलिलो उमेरमा बिहे हुने र बच्चा जन्माउने भएकाले युवतीमा यो गम्भीर समस्या देखिन थाल्यो,' अस्पतालको अध्ययनले भनेको छ, 'असन्तुलित आहार, अधिक कामको बोझ र पौष्टिक खानेकुरा अभावले उमेर नपुग्दै महिला रोगी हुन्छन् ।' यो समस्या सुदूरका पहाडी जिल्लाका धेरै ग्रामीण बस्तीमा भयावह बनेको तथ्याङ्कले देखाएको छ ।

*-रेडियो सुदूरसन्देश*

# बालविवाहविरुद्ध बालबालिका

शारीरिक, मानसिक र सामाजिक तवरले परिपक्व नभई परिवारको दबाब र आफूखुसी हुने बालविवाह रोक्न बालबालिका आफैं जागरुक भएका छन् । बालबालिकाको छाता संगठन जिल्ला बाल क्लबको नेतृत्व महिला तथा बालबालिका कार्यालय, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था र प्रहरीबीचको साझेदारीमा बालविवाह रोक्ने अभियान सुरु गरिएको अध्यक्ष लक्ष्मण चौहानले बताउनु भयो ।

गरिबी, अशिक्षा र अभिभावकको दबाबले अधिकांश बालिकाको चाँडै नै बिहे हुने गरेको छ । महिला तथा बालबालिका अधिकृत पुष्पलता उप्रेतीका अनुसार गाउँ तथा दुर्गममा बालिका बढी प्रभावित हुने गरेका छन् । बालविवाह रोक्न जिल्ला तहमा प्रयासका थुप्रै निर्णय भए पनि व्यावहारिक रूपमा लागू हुन सकेको छैन । यसैपालादेखि बाल क्लबको मुख्य नेतृत्वमा अभियान थालिएको हो । साबिकको जिविसले तयार पारेको जिल्ला प्रोफाइलअनुसार ५० प्रतिशत बालविवाह हुने गरेको आँकडा छ, जसमध्ये ९९ प्रतिशत बालिकाको कम उमेरमै विवाह भएको छ । गत वर्षमात्रै ११ सय ५ बालविवाह भएको तथ्यांक छ । कानुनतः विवाहका लागि महिला र पुरुष दुवै २० वर्ष पुग्नुपर्ने प्रावधान छ । संविधानको भाग ३ को मौलिक हकअन्तर्गत बालविवाह गर्न/गराउन नपाइने व्यवस्था भए पनि पालना र कार्यान्वयन हुन सकेको छैन ।

*-धनकुटा*

# बालविवाह नै धर्मसंस्कृति

श्री माध्यमिक विद्यालयमा ९ कक्षा पढ्दै गरेकी नेपालगन्ज-२४ लग्दहवाकी १७ वर्षीया पुष्पा खटिकको ५ वर्षअघि बिहे भयो । उहाँको सैनिक गाउँका २० वर्षीय विक्रम खटिकसँग विवाह भएको हो । बिहे गरेको घर पठाउन अभिभावककले 'गौना र थौना' को तयारी गर्दै थिए । तर किशोरी सशक्तीकरण समूहको दबाबपछि रोकियो । उनकै छिमेकी १२ वर्षीया अमृता शंकरको बिहे भएको ३ वर्ष भयो । उनीहरूमात्र होइन, लग्दहवाकै १४ वर्षीया सीता खटिक र १३ वर्षीया मनीषा रैदासको पनि बिहे भइसकेको छ । उनीहरू सबैको 'गौना र थौना' को काम सञ्जालको दबाबमा रोकिएको हो । मधेसी समुदायमा सानैमा छोरीको विवाह गर्ने परम्परा कायमै छ । बिहेको केही वर्षमा गौना र थौना भएपछि मात्र उनीहरूलाई पतिको घर पठाउने गरिन्छ । मुस्लिम समुदायमा पनि बालविवाह व्याप्त छ । किशोर अवस्थामा प्रवेश नगर्दै बिहे गरिदिने चलन छ । मुस्लिम समुदायका क्षेत्रमा क्रियाशील मुस्लिम समाज विकास जनचेतना केन्द्रका अनुसार करिब ६० प्रतिशत बिहे बालविवाह नै हुन्छन् । सबैभन्दा बढी ८ देखि १० वर्षको उमेर समूहमा हुने केन्द्रले जनाएको छ ।

*-सामुदायिक रेडियो सद्भाव*

## बालविवाहले पछुतो

नवलपरासी बर्दघाट-९ की सरस्वती पौडेलका दुई सन्तान छन् । छोरी स्कुल जाने भइसकिन्, छोरा काखमै छन् । उहाँले पढाइ पूरा गरेरमात्रै विवाह गर्नुभयो । पढाइ पूरा गरेरमात्रै बिहे गर्नुभएकी सरस्वतीलाई छोराछोरी हुर्काउनेदेखि उनीहरूको शिक्षादिक्षामा खासै अप्ठ्यारो परेन । शारीरिक र मानसिक रूपले परिपक्क भएपछि विवाह गरेकै कारण उहाँ आफ्नो परिवार राम्रोसँग चलाउन सफल हुनुभयो । त्यतिमात्रै होइन, गुडिया सिलाइ कटाइजस्ता सीप पनि सिकिरहनुभएको छ । छोरा स्कुल जाने भएपछि व्यवसाय चलाउने योजना पनि बनाइरहनु भएको छ । उमेर पुगेर, पढी सकेर विवाह गरेकाले उहाँलाई सजिलो भएको हो । तर सबै जना सरस्वती जस्तै छैनन् । कम उमेरमा विवाह गरेर पछुताउनेहरू पनि उत्तिकै छन् । शारीरिक, मानसिक र सामाजिकरूपमा परिपक्क नभई सानो उमेरमा विवाह गर्दा बर्दघाट ९ की माया सापकोटालाई अहिले पछुतो छ । १७ वर्षमै बिहे भएकी उहाँले कलिलो उमेरकै कारण सहज रूपमा सन्तान जन्माउन सक्नुभएन । भ्याकुम मेसिनले तानेर जन्माएको छोराको टाउकोमा समस्या देखापरेको छ भने उहाँ आफू पनि पाठेघरको रोगी बन्नु भएको छ । विस्तारै श्रीमान् र परिवारसँगको सम्बन्ध बिग्रँदै गयो । 'सानै उमेरमा विवाह गरेँ, बिहे गर्दा बिहे के हो भन्नेसम्म थाहा थिएन,' उहाँ भन्नु हुन्छ, 'अबका छोरीहरूले पढेलेखेर आफ्नो खुट्टामा उभिन सक्ने भएपछि मात्रै बिहे गरुन ।'

कानुनले २० वर्षभन्दा कम उमेरमा विवाह गर्न बन्देज लगाएको छ । सानो उमेरमै विवाह गर्दा शारीरिक र मानसिक दुवैमा असर पर्छ । उमेर पुगेर विवाह गर्दा पाठेघर परिपक्क हुनेमात्र नभई निर्णय गर्ने क्षमतामा पनि विकास हुन्छ । पृथ्वीचन्द्र अस्पताल परासीकी स्टाफ नर्स रचना साउद शारीरिक, मानसिक तथा सामाजिक रूपमा स्वस्थ हुन उमेर पुगेपछि मात्रै विवाह गर्न सल्लाह दिनुहुन्छ ।

*-सामुदायिक रेडियो परासी*




## कुरीतिविरूद्ध

# सीआईएनसँगै सांसदहरू

कुरीतिविरुद्ध सरकारले कानुन बनाए पनि कार्यान्वयन प्रभावकारी रूपमा हुन सकेको छैन । आठौँ वार्षिकोत्सवका अवसरमा सीआईएनले काठमाडौँमा गरेको छलफलमा सहभागी सांसद्हरूले कुरीतिविरुद्धका कानुन निर्माण, संशोधन र कार्यान्वयनका लागि सक्दो भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन् ।

संयुक्त राष्ट्रसंघको संसदीय सहयोग परियोजना (यूएनडीपी (पीएसपी) को सहयोगमा काठमाडौँमा आयोजित छलफलमा सांसद्हरूले यस्तो प्रतिबद्धता जनाएका हुन् । १९१० सालमा लेखिएको मुलुकी ऐनमा छुवाछूतलाई कानुनी वैधता दिएको भए पनि २०४७ को संविधानमा जातीय विभेद् गरिए कानुनी रूपमा दण्ड दिइने उल्लेख गरियो । त्यसपछिका कानुनमा संशोधन गर्दै अझ कडाइ गरिए पनि कार्यान्वयनको अवस्था कमजोर छ । छलफल कार्यक्रममा सहभागिता जनाउँदै संसद्को महिला बालबालिका तथा जेष्ठ नागरिक समितिका सभापति रञ्जुकुमारी झाले आफ्नो समितिले ११ कानुन बनाइसके पनि कार्यान्वयनका लागि सरकारले उचित भूमिका खेल्न नसकेको आरोप

लगाउनुभयो । 'सामाजिक कुरीति अन्त्यका लागि मेरो प्रतिबद्धता छ,' उहाँले भन्नुभयो, 'थप कानुन बनाउनेदेखि सरकारको तर्फबाट भएका कमीकमजोरी सच्याउन पनि संसद्मा आवाज उठाउने छु ।'

कुसंस्कार अन्त्यका लागि सामुदायिक रेडियोहरूको भूमिका महत्वपूर्ण रहेको भन्दै सभापति झाले सरोकारवालाले झकझक्याउँदै कुरीतिविरुद्धका कानुन कार्यान्वयमा दबाब दिनुपर्ने उल्लेख गर्नुभयो । एमाले उपाध्यक्ष तथा सांसद अष्टलक्ष्मी शाक्यले कानुनी रूपमा अन्त्य भइसकेको कुसस्कारहरू अझै सामाजिक रूपमा रहिरहनु निन्दनीय भएको बताउनुभयो । 'सीआईएनको प्रस्तुति सुन्दा अझै पनि देशमा कुसस्कार भयावह रहेको जानकारीमा आयो' उहाँले भन्नुभयो, 'मेरो तर्फबाट के गर्न सकिन्छ गर्न तयार छु ।'

माओवादी केन्द्रका सांसद रामनारायण बिडारीले संसद्बाट समानताको कानुन बने पनि कार्यान्वयन गराउन सरकार चुकेको बताउनुभयो । 'कुरीति र कुप्रथा अन्त्यका लागि आफूहरूले व्यवस्थापिका संसद्मार्फत महत्वपूर्ण भूमिका खेलिएको छ,' बिडारीले भन्नुभयो, 'कार्यपालिकाका तर्फबाट कानुन कार्यान्वयमा समस्या देखिएको छ ।' कांग्रेसका सांसद जीवन परियारले संविधानमा कुनै पनि किसिमको भेद्भाव गर्न नपाइनेले ग्यारेन्टी गरेको भए पनि कार्यान्वयनमा अझै त्यसो हुन नसकेको भन्दै कानुनहरूमार्फत त्यसलाई कम गर्दै लैजान सकिने बताउनुभयो ।

कार्यक्रममा सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष सुवास खतिवडाले सामुदायिक रेडियोहरू सामाजिक कुरीति तथा कुसंस्कारविरुद्धमा डटेर लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो । मुलुकभरका सामुदायिक रेडियोलाई एक ठाउँमा जोड्दै सीआईएनले केही नमुना कार्यक्रम उत्पादन गर्दै जानेमा जोड दिँदै अध्यक्ष खतिवडाले स्थानीय सामुदायिक रेडियोलाई पनि सबल बनाउनका लागि भूमिका खेल्ने अकोराबको नीति रहेको जानकारी दिनुभयो । सामाजिक कुरीतिका विरुद्ध सीआईएनले साताव्यापी विशेष अभियान पनि चलाएको थियो ।

**अभियान चलाउने सीआईएनको प्रतिबद्धता**

सामुदायिक सूचना नेटवर्क सीआईएनले सामुदायिक रेडियोहरूमार्फत विभिन्न सामाजिक कुरीतिहरू विरुद्धको अभियान चलाउने प्रतिबद्धता व्यक्त गरेको छ । आठौं वार्षिकोत्सवको अवसर पारेर काठमाडौंमा आयोजित विशेष समारोहमा सीआईएनले विभिन्न पाँच प्रतिबद्धता व्यक्त गरेको हो । सामाजिक परिवर्तनका लागि व्यक्तिगत सोच र आफ्नो व्यवहारमा परिवर्तन नै मुख्य कुरा रहेकाले सकारात्मक परिवर्तन गराउने, जातीय, लैंगिक विभेद्लगायत समाजमा भएका सबै खाले असमान कार्य र व्यवहारविरुद्धको कानुन नागरिकसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

समाजमा विद्यमान कुरीति, कुसंस्कारसँगै जातीय, लैंगिक, धार्मिक विभेद्को अन्त्यका लागि विशेष रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने, कानुन निर्माणको प्रक्रियामा नागरिकको सहभागिता गराउन कानुन बन्नुभन्दा अघि नागरिकसँग छलफल गरी निर्माण गर्न संसद्को ध्यानाकर्षण गराउने पनि सीआईएनले प्रतिबद्धता जनाएको छ । सूचना सहज रूपमा नागरिकलाई दिने व्यवस्था गर्न सरकारलाई ध्यानाकर्षण गराउँदै सहज रूपमा सूचना पाउने अधिकारबारे सञ्चार माध्ययममार्फत जानकारी गराउने पनि सीआईएनले प्रतिबद्धता व्यक्त गरेको छ । संविधानमा सार्वजनिक वा निजी कुनै पनि स्थानमा जातका आधरमा विभेद् गर्न नपाइने भनिएको छ । छाउपडी, बोक्सी, छुवाछूत, दाइजो, बालविवाह, मानव बेचविखनलगायत कुरीति अन्तका लागि भन्दै कानुन बनाइएको छ । तर, कार्यान्वयनमा आएको छैन । आठौं वार्षिकोत्सव अवसरमा सीआईएनले सकारात्मक परिवर्तन गराउने, जातीय, लैंगिक विभेद्लगायत समाजमा भएका सबै खाले असमान कार्य र व्यवहारविरुद्ध कानुन नागरिकसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ । जातीय, लैंगिक, धार्मिक विभेद्को अन्त्यका लागि विशेष रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने, कानुन निर्माणको प्रक्रियामा नागरिकको सहभागिता गराउनेलगायत पाँच बुँदे प्रतिबद्धता जनाइएको छ ।

# महिनावारी

## मौनता तोड्ने अभियानमा पुरुष

कैलालीको धनगढीमा कार्यक्रमका लागि कलाकारको एउटा समूह जाँदा एक महिला साथीलाई महिनावारी भयो । उहाँलाई निकै गाह्रो भएपछि प्याड किनिदिन्छु भनेर नजिकैको मेडिकलमा जाँदा असहज महसुस भयो । कारण पसलेदेखि पसलनजिकै भएका सबैले निकै अचम्म मानेर उहाँलाई मात्र हेरिरहे । त्यतिमात्र होइन, फर्किँदासम्म पनि देखुन्जेल हेरिरहे ।



लक्ष्मी बस्नेत

महिनावारीसम्बन्धी विषयकै एउटा कार्यक्रममा तत्कालीन खानेपानी तथा सरसफाइ राज्यमन्त्री दीपक खड्काले भन्नुभयो, 'श्रीमती महिनावारी भए पनि उनैले पकाएको खान्छौं, जनै पनि लगाएकै छु, केही भएको छैन त !' उहाँले यसो भनिरहँदा धेरै महिला सहभागी भएको त्यो कार्यक्रममा हाँसो गुन्जियो ।

> घरमा छोरीलाई महिनावारी भएका बेला गाह्रो छ/छैन वा प्याड किन्ने पैसा छ कि छैन भन्दै बुबाहरूले चासो लिनु पर्छ ।

सुदूर तथा मध्यपश्चिममा 'छाउ' भनेर बुझिने महिनावारीको विषय अझै लाज र सकेसम्म लुकाउनुपर्ने विषयकै रूपमा बुझिन्छ । अझ पुरुषले त झन् यसबारे बोल्दा/काम गर्दा अर्कै

रूपले हेर्ने गरेको पुरुष अभियन्ताहरूकै अनुभव छ । छाउपडी प्रथासम्बन्धी पुस्तक ‘छाउघर’ का लेखक राज सरगम भन्नुहुन्छ, ‘मैले त कुटाइ पनि खाएको छु, छाउगोठ भएका घरहरूमा अनुसन्धानका लागि पुग्दा तलाई हाम्रो घरको कुरा के मतलब ? केटा मान्छे भएर लाज हुँदैन यस्तो कुरा गर्दै हिंड्न ? भने । डोटी, डडेल्धुरा कञ्चनपुरका गाउँगाउँतिर गाली त कति हो कति ।’

तर यति हुँदाहुँदै पनि पछिल्लो समय महिनावारी बारेको ‘मौनता तोडौं, भ्रम हटाऔं, सरसफाइमा ध्यान दिऔं’ भन्दै गाउँगाउँ पुग्नेदेखि राजधानीमै बसेर यो विषयमा खुला बहस गर्ने पुरुष अभियन्ता, अधिकारकर्मी तथा सरकारी र गैरसरकारी संघसंस्थामा काम गर्ने पुरुष बढ्दै गएका छन् । लैंगिक समानताको पक्षमा काम गर्दै आएको मेल इन्गेज अलाइन्सका दक्षिण एसियाली संयोजक कपिल काफ्लेले पनि यो विषयमा पुरुषले अझ बढी बोल्न सकेमा  विभेद्, मौनता सबै हट्ने बताउनुहुन्छ । उहाँका अनुसार यो अलायन्सले पनि आफ्ना सदस्यसँग यसबारे बहस गर्दै घरपरिवार भित्र यो विषयमा बोल्नुपर्छ भन्ने पैरवी गरिरहेको छ ।

कार्यालयको नेतृत्व गर्ने पुरूषले महिला कर्मचारीका लागि महिलामैत्री शौचालय, प्याडको व्यवस्थाका साथै एकदमै गाह्रो हुँदा आराम गर्ने ठाउँको व्यवस्था गरिदिन सक्नुपर्छ ।

लामो समयदेखि सरसफाइ व्यवस्थापनमा काम गर्दै आउनु भएका खानेपानी तथा सरसफाइ विज्ञ गुणराज श्रेष्ठ महिनावारी प्राकृतिक प्रक्रिया हो भन्ने बुझाउन सके ठूलो उपलब्धि हुने ठान्नुहुन्छ । अहिले आफू महिनावारी बारेको मौनता तोडौं र सरसफाइमा ध्यान दिऔं भन्ने अभियानमा लागिरहेको पनि उहाँले खुलासा गर्नु भयो ।

महिनावारी महिलामा निश्चित उमेरमा हुनै पर्ने प्राकृतिक नियम हो । तर अझै यसलाई लाजको विषय मानिन्छ । पहिलोपटक महिनावारी भएका किशोरीलाई त आफ्नै घरको पुरुष सदस्यको अनुहार पनि हेर्न हुँदैन भन्ने चलन अझै छ ।

महिनावारीबारे गलत बुझाइ र नकारात्मक सोचले किशोरी/महिलालाई मात्र होइन समग्र देश विकासकै गतिमा असर परिरहेको अनुसन्धानकर्ता/अभियन्ता राधा पौडेलको भनाइ छ । त्यसैले यो विषयलाई मानवअधिकार र देश विकाससँग जोडेर हेर्नका लागि अहिलेसम्म घर, समाज र देशको नेतृत्व गरिरहेका पुरुषहरूकै महत्वपूर्ण भूमिका हुने पौडेलको भनाइ छ ।

‘घरमा छोरीलाई महिनावारी भएका बेला गाह्रो छ/ छैन वा प्याड किन्ने पैसा छ कि छैन भन्दै बुबाहरूले चासो दिनुपर्छ,’ उहाँको सुझाव छ, ‘कार्यालयको नेतृत्व गर्ने पुरुषले महिला कर्मचारीका लागि महिलामैत्री शौचालय, प्याडको व्यवस्थाका साथै एकदमै गाह्रो हुँदा आराम गर्ने ठाउँको व्यवस्था गरिदिन सक्नुपर्छ ।’

सामान्यतः महिला आफ्नो जीवनकालमा ३ हजार दिन महिनावारी हुन्छन् । विशेषगरी ९/१० वर्षदेखि ४५/५० वर्ष उमेर समूहका महिलामा हुनै पर्ने प्रजनन स्वास्थ्यसँग जोडिएको प्राकृतिक कुरा हो । त्यसैले महिनावारीबारे नकारात्मक सोचाइ र संकोच हटाउँदै यसलाई सकारात्मकरूपमा लिन सके सम्पूर्ण महिलाको सम्मान हुन सक्छ ।

## तराई मधेशमा दाइजो
# ज्वाइँ किन्ने परम्परा बन्दै

■ सुरेश बिडारी

- गएको वैशाख १७ गते पर्साको महुवन-३ का हरिशंकर साहको लखनपुर-४ की युवतीसँग विवाह तय भयो। तर दाइजोबापत दिने भनिएको खेत नपाएपछि बिहेको दिन जन्ती आएन। बेहुला नआएपछि विवाह भाँडियो।

- फागुन २७ मा भारत बेतियाकी २३ वर्षीया सोनी वर्णवालको वीरगन्ज उपमहानगरपालिका-१८ लक्ष्मनवाका युवकसँगको बिहे मण्डपमै रोकियो। कारण थियो- दाइजोमा दिने भनिएको सुनको औंठी नपाएको।

पर्सा जिल्लामा मात्र होइन, तराई-मधेसका सबैजसो जिल्लामा यस्ता थुप्रै घटना भइरहेका छन्। पछिल्लो समय यस्ता घटना प्रहरी/प्रशासन कार्यालयमा पुग्ने क्रम बढेको छ।

मध्यम वर्गका परिवारमा छोरीलाई पढाइलेखाइ सक्षम बनाए पनि बिहेमा दिइने दाइजोको चिन्ताले बढी पिरोल्ने गरेको छ। यो कुरीति 'एक हिसाबले छोरीको खुलमखुला बेचविखन' भएको टिप्पणी गर्नु हुन्छ, अधिकारकर्मी बबिता जयसवाल। 'सामान्य रूपमा एक महिला पुरुषसँग विवाह गरेर पठाउँदा अथवा जाँदा महिलालाई त्योसँगै जोडिएर आउने नगद र जिन्सी दाइजो मानिन्छ,' उहाँले भन्नुभयो, 'विवाहसँगै जोडिएर आउने दाइजोलाई कानुनले प्रतिबन्ध लगाएको छ। तर पनि दाइजो प्रथा रोकिएको छैन। तराई-मधेसमा झनै बिकराल छ।' यो संस्कारले 'दाइजो दिने र ज्वाइँ किन्ने' प्रवृत्ति बढेको सरोकारवालाको भनाइ छ।

तराई-मधेसमा बेहुलाको शिक्षाअनुसार दाइजोको मोलमोलाई हुन्छ। छोरालाई चिकित्सक अध्ययन गराएका अभिभावकले अध्ययन खर्च जोडेर दाइजो लिन्छन्। प्रहरीमा इन्स्पेक्टर र अधिकृतस्तरमा पुगेका केही दुलाहाले २५/३० लाख रूपैयाँसम्म माग्छन्। पहिले आत्मीय रूपमा दिइने कोसेली (दाइजो) अहिले बाध्यात्मकमात्रै बनेको छैन, विकराल समस्याको रूपमा स्थापित भइसकेको छ। यसमा महिला नै कारक बनेको सामाजिक अभियन्ता प्रकाशप्रसाद थारुको बुझाइ छ। 'दाइजोका विषयमा पुरुषलाई खासै चासो हुन्न, पहिला महिलाहरूले नै कुरा गर्छन्,' उहाँको तर्क छ, 'तिम्रो बुहारीले कति दाइजो ल्यायो ? के के दियो दाइजोमा ? कति धनी रहेछन् माइती ? यस्ता कुरा महिलाले गर्नाले नै दाइजोले झनै बढवा पाएको हो।'

कानुनतः दाइजो लिनु र दिनु दुवै अपराध हो। दुलहीलाई कपडा र बढीमा ४० ग्राम सुन वा त्यस बराबरका गहना, जन्ती १५० भन्दा बढी लैजान नपाइने, जन्तीलाई उपहार दिन नपाइने, बिहे भोजमा सहभागी हुनेको संख्या बढीमा ३५० हुनुपर्ने नयाँ व्यवस्था कानुनले गरेको छ। ती सबै गरिसकेपछि १५ दिनभित्र हिसाबकिताब स्थानीय निकायमा बुझाउनुपर्ने हुन्छ। तर पढेलेखेका, राम्रा जागिरे र हैसियत भएकाले नै दाइजो बहिष्कार नगरेकाले कानुन मधेसका विपन्नको जीवनशैली बन्न निकै समय लाग्ने देखिन्छ। ●

*(बिडारी रेडियो नारायणी चितवनमा कार्यरत हुनुहुन्छ)*

# सडक
# सपना र समृद्धि

**सडक त बने तर तिनै सडकले समृद्ध कति बने ? सीआईएनले सडकका कथाको नयाँ शृङ्खला सुरु गरेको छ ।**



राजन रुचाल

काठमाडौंको पश्चिम सिमाना थानकोटको डिलमै उभिएर हेर्दा रेलजस्तै देखिन्छ उपत्यका छिर्ने गाडीको लस्कर । घरबाट फुत्त निस्क्यो गाडी चढ्यो गन्तव्य तय गऱ्यो । सडक छेउका मान्छेका लागि यातायात जिन्दगी सामान्य छ । तर जतिबेला नेपालमा गाडी गुडाउने सपनासहित सडक खन्ने काम सुरु भयो त्यसबेलाको सडक सपना भिन्न थियो ।

जतिबेला देशमा कहीँ कतै सडक थिएन । जनकपुरमा रेल चलेको थियो । अहिले देशको कुना कन्दरामा सडक पुगेको छ । शहरमा छुकछुके रेलमा यात्रा गर्ने सपना देखिँदैछ । सय वर्ष पुगेकै छैन मान्छेलाई बोक्ने गाडीलाई नै तिनै मान्छेले बोकेर राजधानी काठमाडौं भित्र्याएको ।

९५ वर्षअघि  बेलायती राजकुमार एडवर्डले चितवनको कसरामा शिकार खेल्न आउँदा भारतबाट समथल भाग पछ्याउँदै आउने ठाउँसम्म मोटर ल्याएका थिए । त्यो नै नेपाली भूमिमा पहिलोपटक गुडेको मोटर थियो । त्यसपछि राणा शासकलाई मोटर चढ्ने शोख बढ्यो तर गाडी गुड्नका लागि सडक थिएन । त्यसपछि सुरु भयो सडक खन्ने काम ।

काठमाडौंमा मोटर ल्याउन वीरगन्जदेखि मकवानपुर जिल्लाको भैंसेसम्म पहिलोपटक मोटर मार्ग बन्यो । मकवानपुर पालुङका ९६ वर्षीय गणेशबहादुर गौतमलाई पहिलो सडक खन्न पौठेजोरी खेलेको अहिलेजस्तै लाग्छ । यो बताउँदै गर्दा गौतमका मुजा परेका गालामा



गौरवको भाव देखिन्थ्यो । कच्ची बाटो पूरा भएर गाडी गुडेको दिन बाटो खन्नेहरू खुसीले गद्‌गद्‌ भएका थिए । गाडी देखेको दिन अच्चमै लागेको थियो, मकवानपुर चित्लाङका ८३ वर्षीय बेदबहादुर रेग्मीलाई पनि ।

२००७ सालसम्म नेपालमा ३ सय ७६ किलोमिटर मोटरबाटो भएको बताइन्छ । त्यो मूलतः काठमाडौं उपत्यका वरपर राणाहरूले आफ्नो सहजताका लागि बनाएका बाटा थिए । 'अमलेखगञ्ज भीमफेदीसम्म सात सालअघि नै मोटर वा लहरी गुड्थ्यो', इतिहासका जानकार दिनेशराज पन्त भन्नुहुन्छ ।

सुरुमा काठमाडौंबाट फर्पिङ कुलेखानी हुँदै भीमफेदी पुग्ने सडक शिलान्यास भएको थियो । २५ किलोमिटर सुरुङसहितको ४० किलोमिटर लामो यो सडक बनेको भए राजधानीबाट तराई पुग्न एक घण्टा काफी हुन्थ्यो । वर्षौंपछि प्रधानमन्त्री पुष्पकमल दाहालले त्यही सडक शिलान्यास गर्नुभएको छ । बाटो नहुँदाको कठिनाई र आफैंले खनेको बाटोमा मोटर चढेपछिको अनुभव सुनाउँदा चित्लाङमा भेटिनुभएका चन्द्रबहादुर कार्की र जगसिंह गोलेको मुहार नै चहकिलो बनेको थियो ।

राणाकालमा बनेका हुन् अथवा प्रजातन्त्र आएलगत्तै बनेका सडक । ती सडकमा शासकको स्वार्थ धेरै जोडिएको छ । तर सडकले नागरिकलाई सहजताका साथै समृद्धितर्फ डोऱ्याएको भुल्न नहुने इतिहासविद्‌ पन्तको भनाइ छ । त्रिभुवन राजपथ नेपालको पहिलो राजमार्ग हो । नेपाल जोड्दै गाउँसम्म सडक पुगेपछि यो घुमाउरो भनिएको बाटो भने सुनसान जस्तै छ । तर नेपाल (काठमाडौं) लाई समृद्धि र विकासको बाटोमा हिंडाउने त्यही सडक हो भन्ने धेरैको बुझाई छ ।

२००७ सालपछि नेपालमा उल्लेख्य मात्रामा सडक बने । अहिले झण्डै एक लाख किलोमिटर हाराहरीमा सडक खनिएको छ । सन्‌ २०३० सम्ममा ९ लाख किलोमिटर सडक पुऱ्याउने महत्वकांक्षी लक्ष्य छ । सडक त बने तर तिनै सडकले समृद्ध कति बने ? सीआईएनले सडकका कथाको नयाँ शृङ्खला सुरु गरेको छ ।

# बाल केन्द्रित विपद् जोखिम न्यूनीकरण र मातृशिशु स्वास्थ्य



युनिसेफको सहयोग, अर्माक एसिया प्यासिफिकको संयोजन, अकोराब र उज्यालो मल्टिमिडियाको सहकार्यमा सञ्चालित परियोजनाअन्तर्गत अहिले १६ वटा सामुदायिक रेडियोहरूले स्थानीय बाल केन्द्रित विपद् जोखिम न्यूनीकरण र मातृशिशु स्वास्थ्यसम्बन्धी कार्यक्रम उत्पादन र प्रसारण गरिरहेका छन् । १६ वटा रेडियोले केन्द्रमा उत्पादन गरेको २० मिनेटको नाटक पछाडि आफूले उत्पादन गरेको १० मिनेटको कार्यक्रम जोडेर प्रसारण गर्ने गरेका छन् । अन्य २६ रेडियोले भने २० मिनेटको नाटक शृङ्खला मिलन चोकमात्रै प्रसारण गरिरहेका छन् । स्थानीय भाषाको कार्यक्रम उत्पादन गर्ने १६ वटा रेडियोका उत्पादकलाई स्थानीय कार्यक्रम उत्पादन गर्न सहयोग होस् र गुणस्तरीय कार्यक्रम उत्पादन होस् भन्ने उद्देश्यसाथ सीआईएन डेक्सबाट मार्गदर्शन (Mentoring) गर्ने काम भइरहेको

छ । यसरी दिनदिनै रेडियोका उत्पादकहरूलाई फोनमार्फत मार्गदर्शन (Mentoring) गर्दा सीप हस्तान्तरणमा सहयोग पुगेको छ भने सामुदायिक रेडियो र सीआईएनका रेडियोकर्मीबीचको सहयोग आदानप्रदान झन् बलियो भएको छ । यसअघि परियोजनको सुरुकै चरणमा कार्यक्रम उत्पादनका लागि सामुदायिक रेडियो प्रसारक संघले उत्पादनको जिम्मा पाएका १६ रेडियोका दुई/दुई गरी ३२ जना उत्पादकलाई तालिम दिएको थियो ।

**पहिलो चरणको तालिम चितवनमा**

पहिलो चरणको तालिम चितवनको पर्यटकीय क्षेत्र सौराहाको जंगल सफारी लजमा भएको थियो । तालिमको उद्घाटनमा अकोराबका महासचिव गोविन्द देवकोटाले भूकम्पमा रेडियोले खेलेको सकारात्मक भूमिकाको प्रशंसा गर्दै समुदायसँग नजिक भएर समुदायको समस्यालाई उठान गरेर समाजको आवाज बन्नुपर्ने बताउनुभयो । मुख्य प्रशिक्षक घमराज लुइँटेल र दीपक आचार्यले तालिमलाई सहभागितामूलक तरिकाले सञ्चालन गर्नुभएको थियो । तालिम सैद्धान्तिकभन्दा प्रयोगात्मक रूपमा अघि बढेको सहभागीहरूले प्रतिक्रिया दिएका थिए । युनिसेफका सञ्चार अधिकृत आश्मा श्रेष्ठले मातृशिशु स्वास्थ्यका लागि किशोरीलाई शिक्षा, पोषण, सरसफाइ र प्रजनन स्वास्थ्यका बारेमा जानकार बनाउन रेडियोले भूमिका खेल्नु पर्ने भएकाले सोहीअनुसार कार्यक्रम उत्पादनमा उत्पादकले ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो । गर्भावस्था, परिवार नियोजन, परम्परागत मान्यता र यथार्थलगायत विषयमा समूहगत रूपमा छलफल भएको थियो । कार्यक्रममा उज्यालो मल्टीमिडियाका निर्देशक मन्टेश्वरी राजभण्डारीले उत्पादन गर्न लागिएको नाटक शृङ्खलाका बारेमा जानकारी गराउँदै नेपाली, खस, अवधी, भोजपुरी, मैथली गरी ५ वटा भाषामा कार्यक्रम उत्पादन हुँदा धेरैले कार्यक्रमबाट शिक्षा लिने बताउनु भएको थियो ।

कार्यक्रम उत्पादन गर्न सहयोग होस् र गुणस्तरीय कार्यक्रम उत्पादन होस् भन्ने उद्देश्यसाथ सीआईएन डेक्सबाट मार्गदर्शन गर्ने काम भइरहेको छ

तालिममा सहभागी युनिसेफका विकासका लागि सञ्चारका प्रमुख रुद्रजित दासले बेलाबेलामा सहभागीहरूलाई थप कुरा सिकाइरहनु भएको थियो भने अमार्क एसिया प्यासिफिकका कार्यक्रम प्रबन्धक प्रतिभा क्षत्री र अधिकृत पुनम महर्जनले पनि बेला बेलामा उठेका विषयमा आफ्ना भनाइहरू थप गर्नुभएको थियो । तालिमका सहभागीलाई फिल्ड रिपोर्टिङमा सहभागी गराएर समूहगत रूपमा कार्यक्रम उत्पादन गर्न पनि लगाइएको थियो । प्रशिक्षकहरू, घमराज लुइँटेल, दीपक आचार्य र सोविता रिसालले तीन समूहलाई सहजीकरण गर्नुका साथै समूहको प्रस्तुतिपछि प्रतिक्रिया दिनुभएको थियो । रेडियो रुद्राक्षका उपाशना तिवारीले त उक्त तालिमले आफ्नो जीवनलाई नयाँ दिशा प्रदान गरेको बताउनुभयो । सहभागीहरूले परियोजनाअन्तर्गत उत्पादन गर्नुपर्ने ५२ भाग कार्यक्रम बनाउनका लागि तालिमले निक्कै सहयोग पुग्ने विश्वास गर्नुभएको थियो ।

**दोस्रो चरणको तालिम नेपालगन्जमा**

बाल केन्द्रित विपद् जोखिम न्यूनीकरणका लागि रेडियो कार्यक्रम उत्पादनसम्बन्धी दोस्रो चरणमा तीन दिने तालिम बाँकेको नेपालगन्जमा २०७३ फागुन ४ बाट सुरु भएको थियो । युनिसेफको सहयोगमा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) को आयोजना र सामुदायिक रेडियोहरूको विश्व संगठन (अमार्क) एसिया प्यासिफिकको संयोजन तथा उज्यालो मल्टिमिडियाको सहकार्यमा सुरु भएको




तालिममा मध्य तथा सुदूरपश्चिमका सात सामुदायिक रेडियोका १४ जना कार्यक्रम उत्पादकको सहभागिता रहेको थियो ।

तालिमको पहिलो दिन उद्घाटन कार्यक्रममा बोल्दै सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) का वरिष्ठ उपाध्यक्ष अर्जुन गिरीले मध्य र सुदूरपश्चिम क्षेत्रका बालबालिका र महिलाको स्वास्थ्य तथा चेतनाको स्तर माथि उकास्न तालिम प्रभावकारी हुने विश्वास व्यक्त गर्दै सामुदायिक रेडियोले यस्ता विषयलाई बढी प्राथमिकता दिनुपर्ने बताउनुभयो । कार्यक्रममा सीआईएनका म्यानेजर दीपक आचार्यले तालिमको उद्देश्य र स्थानीय रेडियोले अकोराबसँगको सहकार्यमा उत्पादन गर्ने स्थानीय भाषाका कार्यक्रम उत्पादन गर्ने तरिका र पद्धतिका बारेमा जानकारी गराउनु भएको थियो । सुरुमा तालिमको अपेक्षा संकलनका क्रममा सहभागीले विपद्को बेलामा शिशु तथा गर्भवती महिलाको स्याहारसुसार गर्ने तरिका, मातृशिशु तथा विपद् जोखिम न्यूनीकरणका बारेमा जानकारी पाउने, समुदायमा कार्यक्रम उत्पादनका लागि रिपोर्ट संकलन गर्ने तरिका, रिपोर्टिङका लागि कस्तो विषय छान्दा राम्रो हुन्छ, स्रोत पहिचान गर्दा ध्यान दिनुपर्ने विषय, रेकर्डिङका उपकरण चलाउने तरिका, रेडियो नाटकलाई प्रभावकारी बनाउने उपायलगायत विषयमा जान्न चाहेको बताएका थिए । त्यसपछि युनिसेफका सञ्चार अधिकृत आश्मा श्रेष्ठले मातृशिशुको जीवनचक्रका बारेमा सहजीकरण गर्नुभएको थियो ।

यी विषयमा सामुदायिक रेडियोहरूले गरिरहेको अभ्यासको बारेमा पनि अनुभव आदानप्रदान गरिएको थियो । तालिम कार्यक्रम सौराहाको तालिम जस्तै अघि बढेको थियो भने सौराहामा बनाइएको कार्यक्रम सुनाएर प्रतिक्रिया लिने काम भएको थियो । तालिमको तेस्रो दिन प्रशिक्षक लुइँटेल, आचार्य, लिलप्रकाश चन्दले तीन समूहलाई तीन फरक फरक ठाउँमा रिपोर्टिङ गर्न लैजानुका साथै फिल्डबाट ल्याएको रिपोर्ट बनाउने र कार्यक्रम निर्माण गर्ने काममा सहजीकरण गर्नुभएको थियो ।

### जीवनरक्षा बालसुरक्षा

# नेतृत्व गर्दै बालबालिका

नुवाकोटको हल्देकालिका ४ का सरुना राई रेडियो कार्यक्रम जीवनरक्षा बालसुरक्षाका लागि रेडियो जालपाको सामुदायिक पत्रकार हुनुहुन्छ । सूर्यगढी गाउँपालिका ४ हल्देकालिकामा रहेको उहाँ पढ्ने विद्यालय गणेश माध्यमिक विद्यालयमा भूकम्पले निकै नै क्षति पुऱ्यायो । पढ्ने कक्षाकोठा व्यवस्थित छैन, खानेपानी, शौचालयको पनि राम्रो व्यवस्था छैन । नियमित रूपमा खेलकुदको अभ्यास हुँदैन । त्यतिमात्रै होइन, पढाइलाई असर पर्नेगरी विद्यालय वरपर जाँडरक्सी बेच्ने र खाने काम हुन्छ, विद्यालय नजिकै इटाभट्टा खोलिँदा विद्यार्थी पढ्न कम र इटाभट्टामा काम गर्न बढी जान्छन् । सरुनाले यी समस्या रेडियो कार्यक्रममार्फत पटकपटक उठाउनुभयो र सम्बन्धित निकायलाई झकझक्याउनुभयो ।



गीता चिमोरिया

सामुदायिक सूचना नेटवर्क सीआईएन र वर्ल्डभिजनले विद्यालयका समस्या समाधानका लागि विद्यार्थी, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, नवनिर्वाचित जनप्रतिनिधि र अभिभावकको संयुक्त छलफल विद्यालयमै राख्यो । छलफलसँगै सीआईएनले विद्यालयका ती सवालहरूलाई आफ्नो केन्द्रीय प्रसारणमा समेट्यो र शिक्षा मन्त्रालयको ध्यानाकर्षण गरायो । शिक्षा मन्त्रालयका प्रवक्ता हरि लम्सालले जिल्ला शिक्षा कार्यालय नुवाकोटमार्फत विद्यालयमा देखिएको समस्या समाधानका लागि तत्काल पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

रेडियो कार्यक्रम जीवनरक्षा बालसुरक्षामार्फत सीआईएनले गरेको अभ्यासको यो एउटा उदाहरणमात्रै हो । जीवनरक्षा बालसुरक्षामार्फत दुई वर्षको अवधिमा बालसंरक्षण, शिक्षा, स्वास्थ्य तथा पोषण, जीविकोपार्जन, आवास, खानेपानीलगायत बालबालिकाको अधिकारसँग जोडिएका




विभिन्न अधिकारका विषयमा सीआईएनले देशभरका करिब ४ सय समस्यालाई सम्बन्धित निकायसम्म पुऱ्याएर जवाफ खोज्ने प्रयास गऱ्यो ।

विनाशकारी भूकम्पलगत्तै २०७२ साल साउनदेखि वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र सीआईएनमार्फत सामुदायिक रेडियो प्रसारक संघले सामुदायिक पत्रकारिताको अभ्यास सुरु गरेको हो । सुरुमा काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, सिन्धुली र गोरखा जिल्लाका बालक्लबमा आबद्ध ६० जना बालबालिकालाई सामुदायिक सञ्चारकर्ताका रूपमा अभिमुखीकरण कार्यक्रम गरिएको थियो । जिल्लाका सरोकारवाला निकायसमेत रहेको विषयवस्तु सुझाव समूहले पहिचान गरेका विषय शीर्षकमा सामुदायिक सञ्चारकर्ता पत्रकारले आफ्नै तहमा छलफल गरेर सवाल पहिचान गर्ने र रेडियोसम्म पुऱ्याउने अनि रेडियो कार्यक्रम उत्पादकले सरोकारवाला निकायका जवाफ समेटेर रेडियो कार्यक्रम “जीवन रक्षा बाल सुरक्षा” प्रसारण गर्ने क्रम अहिले पनि चलिरहेको छ । २०७४ सालसम्म आइपुग्दा यो परियोजनाको तेस्रो चरण चलिरहेको छ ।

समुदायका सवाललाई जिल्ला हुँदै केन्द्रसम्म जोड्ने यो प्रयासले बालबालिकामा देखिएको उत्साह, अभिभावकमा देखिएको खुसी र सरोकारवाला निकायमा देखिएको जिम्मेवारी बोधले कार्यक्रमको निरन्तरताका लागि अझ प्रोत्साहित गरेको छ

वर्ल्ड भिजनसँगको साझेदारीमा सामुदायिक पत्रकारिताको अभ्यासलाई निरन्तरता दिँदै सामुदायिक रेडियो प्रसारक संघले दोस्रो चरणमा गोरखा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक र दोलखा जिल्लामा यो कार्यक्रम सञ्चालन गऱ्यो । अहिले तेस्रो चरणमा सिन्धुपाल्चोक, गोरखा र नुवाकोटमा कार्यक्रम चलिरहेको छ । पहिलो र दोस्रो चरणको कार्यक्रमले देखिएका सकारात्मक प्रभावले तेस्रो चरणको कार्यक्रम सञ्चालन गर्न हौसल्ला थपेको छ ।

समुदायमा उठेका कतिपय सवालहरू जिल्लामै किनारा नलाग्ने खालका हुन्छन् । सामुदायिक सूचना नेटवर्क सीआईएनले जिल्लामा सम्बोधन नभएका त्यस्ता सवाललाई केन्द्रीय प्रसारणमा समावेश गरी सरोकारवाला निकायका जिम्मेवार व्यक्तिहरूसँग सवाल जवाफ गरेर रेडियो कार्यक्रम जीवनरक्षा बालसुरक्षामार्फत सहजीकरण भइरहेको छ । सुरुको समयमा वर्ल्ड भिजनले काम गर्ने जिल्लाका गाविसहरूमा मात्रै यस्तो अभ्यास भए पनि पछिल्लो समय हामीले अन्य जिल्लामा पनि यी कामहरू गरिरहेका छौं ।

समुदायका सवाललाई जिल्ला हुँदै केन्द्रसम्म जोड्ने यो प्रयासले बालबालिकामा देखिएको उत्साह, अभिभावकमा देखिएको खुसी र सरोकारवाला निकायमा देखिएको जिम्मेवारी बोधले कार्यक्रमको निरन्तरताका लागि अझ प्रोत्साहित गरेको छ ।

सामुदायिक पत्रकारिताको अभ्यास गर्ने क्रममा समाज रूपान्तरण र बालमैत्री समुदायका लागि साप्ताहिक रेडियो कार्यक्रममार्फत सामुदायिक पत्रकारहरूले विभिन्न सवाल उठाएका छन् । समयमा विद्यालय बन्न नसकेको कुरा, भूकम्पले भत्किएका घर समयमा बन्न नसक्दा बालबालिका र परिवारलाई परेको समस्या, खानेपानी, बाटोघाटो, विद्यालयको शैक्षिक गुणस्तर, बालमैत्री धारा, शौचालय, साथै पठनपाठनमा असर पर्ने गरी विद्यालय वरपर हुने क्रियाकलापका विषयमा सवालहरू उठेका छन् ।

**बालबालिकालाई सम्बन्धित निकायसम्म आफ्नो समस्या आफैं राख्ने अवसर पनि जुटेको छ**

गरिबी र अशिक्षाका कारण अझै पनि धेरै बालबालिका विद्यालय बाहिर रहनुपरेको कुरा, महिनावारी भएका बेला बालिकामाथि हुने विभेद, सार्वजनिक ठाउँमा हुने मदिरा र सूर्तिजन्य पदार्थको सेवनले बालबालिकामा परेको असर, सहज र सरल ढंगबाट स्वास्थ्य उपचार पाउन नसकेका सवालहरू पनि सामुदायिक पत्रकारहरूले जीवन रक्षा बाल सुरक्षामार्फत उठाएका छन् ।

तेस्रो चरणमा अहिले कार्यक्रम सञ्चालन भइरहेको नुवाकोट, सिन्धुपाल्चोक र गोरखामा सामुदायिक बाल पत्रकारहरूले सरोकारबाला विभिन्न निकायसँग बालबालिकाका समस्या राख्ने र समाधानका लागि उपायहरू खोज्न छलफल कार्यक्रम चलाइरहेका छन् । बालबालिकालाई सम्बन्धित निकायसम्म आफ्नो समस्या आफैं राख्ने अवसर पनि छलफलले जुटाइदिएको छ । बालबालिका स्पष्ट विचार राख्छन्, अनि स्पष्ट समाधान खोज्छन् । यसकारण उनीहरूका कुरा प्रभावकारी सुनिन्छ । बालबालिकाको यो स्वभावले सम्बन्धित निकायलाई पनि स्पष्ट जवाफ दिन र समयमा समाधान खोज्न जिम्मेवार बनाएको छ ।



# विद्यार्थीले पढ्न र खान पाए

सरकारले दिँदै आएको छात्राबास अनुदान रकम ९ महिनासम्म नआउँदा आधा पेट लिएर विद्यालय जानु परेको पीडा सिमकोटको मानसरोबर विद्यालयका विद्यार्थीले पोखेका थिए । सरकारले प्रतिविद्यार्थी ४ हजार रुपैयाँका दरले दिँदै आएको अनुदान आर्थिक वर्षको सुरुदेखि नै रोकिएको बारेमा सिआईएनले गएको वैशाख १५ गते रिपोर्ट प्रसारण गऱ्यो । छात्राबासका बालबालिकाको पीडाबारेको रिपोर्ट शिक्षा मन्त्रालयका प्रवक्ता हरि लम्सालसँगको कुराकानीसहित प्रसारण गरिएको थियो ।

रिपोर्ट प्रसारणलगत्तै सरकारले रकम निकासा गरेको छ । त्यसपछि छात्रावासमा रहेका ७० बालबालिकाले राहत महसुस गरेका छन् । हिमाली आवासीय छात्रावासमा आश्रय लिएर कक्षा १० मा अध्ययनरत कमला काफ्लेले भनिन्, 'पैसा नदिँदा हामी कहिले त भोकै पनि स्कुल जान्थ्यौँ । ट्यूसन र कोचिङ पढ्न पनि समस्या परेको थियो । सिआईएनमा समाचार प्रसारण भएपछि हामीलाई पैसा दिइयो । आजभोलि समस्या छैन, राम्रोसँग पढ्न पाएका छौं ।'

सरकारले नै स्थापना गरेका दुर्गम हिमाली आवासीय छात्राबास र महिला फिडर छात्रावासमा चालू आर्थिक वर्षको सुरुवातदेखि रकम दिइएको थिएन । छात्रावास प्रशासन र जिल्ला शिक्षा कार्यालयको अनुरोधलाई नमानेको सरकारले साझा खबरमा रिपोर्ट बजेपछि तत्कालै रकम निकासा गरेको महिला फिडर छात्रावासकी वार्डेन कमला लामाले बताउनु भयो । 'पहिला कार्यालयमै गएर भन्दा पनि भएन, विभागसम्म पनि पुगियो, त्यहाँ पनि भएन । समाचार बजेपछि भने तुरुन्तै शिक्षा अधिकारीलाई फोन आयो भन्ने सुनियो । अनि त, ल ल हामी निकासा पठाउँछौँ भन्नुभो र दुई/तीन दिनमै पैसा निकासा भयो ।'

सरकारी कार्यालयको अनुरोधलाई समेत नटेरका शिक्षा मन्त्रालय र मातहतका निकायले रेडियोमा खबर प्रसारणपछि तत्काल प्रतिक्रिया जनाउनुले सामुदायिक रेडियो गाउँदेखि नगरसम्मका नागरिकको समस्या समाधान गर्ने सारथी रहेको फेरि पुष्टि भएको छ ।

***–नवराज महतारा,***
*रेडियो कर्णाली आवाज, हुम्ला*

# एआईबीडीको १४औं सम्मेलन चीनमा



एसिया प्यासिफिक इन्स्टिच्युट फर ब्रोडकास्टिङ एण्ड डेभलपमेन्ट (एआईबीडी) द्वारा १४ वर्षदेखि नियमित रूपमा गरिँदै आएको एसियन मिडिया समिट चीनको पर्यटकीय नगरी सिन्डाओमा सम्पन्न भएको छ । जुन ५ देखि ८ सम्म भएको उक्त सम्मेलनमा विश्वका विभिन्न विधामा कार्यरत सञ्चारकर्मी, अनुसन्धानकर्ता, प्राज्ञिक, नीति निर्माता एवं व्यवस्थापकको सहभागिता थियो ।

सम्मलेनको उद्घाटन चीनका सूचना, प्रकाशन, रेडियो, फिल्म तथा टेलिभिजनसम्बन्धी प्रान्तीय प्रशासन सहायकमन्त्री टोङ ग्याङले गर्नुभएको थियो । उद्घाटन सत्रको मुख्य वक्ताका रूपमा जनवादी गणतन्त्र चीन राज्य परिषद्की उपाध्यक्ष लिउयान दोङ हुनुहुन्थ्यो । सम्मेलनमा ६ वटा महादेशका ४८ देशका प्रतिनिधिको सहभागिता थियो । सामुदायिक रेडियो प्रसारक संघ नेपाल (अकोराब) का तर्फबाट भने महासचिव गोविन्द देवकोटा, कार्यकारी निर्देशक डा. रामचन्द्र लामिछानेले सहभागिता जनाउनु भयो । सोडेसका अध्यक्ष डा. पीयूषराज मिश्र, कार्यकारी निर्देशक विनोद खनाल, नेपाल टेलिभिजनका महाप्रबन्धक सचिन रोका, शिवानी थापा, रेडियो नेपालका कार्यकारी निर्देशक सुरेश कार्कीलगायतको उक्त कार्यक्रममा सहभागि रहेको थियो । सम्मेलनमा सञ्चारका बहुआयामिक तालिम, कार्यशाला, अनुसन्धानात्मक प्रस्तुति र नीतिगत बहस भयो ।

नेपालको सन्दर्भमा दिगो विकास लक्ष्य प्राप्तिका लागि सामुदायिक रेडियोको भूमिका अतुलनीय रहेको कुरा अकोराबका तर्फबाट उठाइएको थियो । दिगो विकास लक्ष्य प्राप्ति तथा सामुदायिक रेडियोको सवलीकरणका लागि आगामी दिनमा विभिन्न संघसंस्थासँग साझेदारी गर्नेबारे द्विपक्षीय एवं बहुपक्षीय बैठकमा कुरा उठेका थिए ।

# नेतृत्व प्रेरणा बैठक

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) मा नयाँ कार्यसमिति निर्वाचित भएलगत्तै नेतृत्व प्रेरणा बैठक गरिएको छ । फेब्रुअरी १२ मा भएको बैठकमा अकोराबका नवनिर्वाचित कार्यसमितिका ३२ जना पदाधिकारी तथा सदस्यको सहभागिता थियो । अकोराबका पूर्व अध्यक्ष तथा पदाधिकारी, बीबीसी मिडिया एक्सनका प्रतिनिधि, आमसञ्चार विज्ञ र अकोराब/सीआईएनमा कार्यरत कर्मचारीको पनि सहभागिता रहेको थियो ।

बैठकको उद्घाटन सत्रमा बोल्दै अकोराब अध्यक्ष सुवास खतिवडाले कार्यसमितिको क्षमता अभिवृद्धिका लागि सहयोग गरेकोमा बीबीसी मिडिया एक्सनलाई धन्यवाद पनि दिनुभएको थियो । बीबीसी मिडिया एक्सनका कन्ट्री डाइरेक्टर मोना लाक्जोले अकोराबको नयाँ कार्यसमितिलाई बधाई दिँदै अकोराबसँग निरन्तर सहकार्य भइरहने बताउउनु भएको थियो । उहाँले लैंगिक समानतासम्बन्धी विषयवस्तुलाई रेडियोले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै पछाडि पारिएका क्षेत्र, समुदाय र वर्गका लागि रेडियो सहयोगी बन्नुपर्ने उल्लेख गर्नु भएको थियो ।

आमसञ्चार विज्ञ काशीराज दाहालले राष्ट्रिय आमसंचार नीतिले सामुदायिक रेडियोलाई सम्बोधन गरेको बताउनु भयो भने सामुदायिक रेडियोको विश्व संगठन अमार्कका सहअध्यक्ष मीनबहादुर शाहीले विश्वकै उदाहरणीय नेपालका सामुदायिक रेडियोले समुदायले प्रश्न उठाउन नसक्ने गरी काम गर्नुपर्ने बताउनु भएको थियो ।

अकोराबका पूर्वअध्यक्ष मोहन चापागाईं, बोर्डका पूर्व पदाधिकारी तथा प्रदेशका नयाँ अध्यक्ष तथा सदस्यले पनि समुदायमा आधारित भएर सामुदायिक रेडियो लाग्नु पर्नेमा जोड दिनुभएको थियो ।



# अकोराब प्रदेश कार्यसमिति

## प्रदेश नं. १



| | | | | | |
|---|---|---|---|---|---|
| बच्चुनारायण श्रेष्ठ | चन्द्र कार्की | लीला आचार्य | दीर्घबहादुर खत्री | उपेन्द्रबहादुर बस्नेत | ईश्वरी पौडेल |
| अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | सदस्य | सदस्य |

## प्रदेश नं. २



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अशोक दत्त | प्रल्हाद साह | फणि महत | प्रमिलाकुमारी चौधरी | वैभव चौधरी | संगीता ज्ञवाली | शम्भुकुमार यादव | सुरेशकुमार महतो | अच्युत कु.सापकोटा |
| अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य |

## प्रदेश नं. ३



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कृष्णहरि घिमिरे | जीवन लामा | बलराम श्रेष्ठ | दीपक लामा | राजकुमार केसी | शर्मिला उप्रेती | रविन्द्र अधिकारी | शान्तराज शाक्य | सुरेश प्र. सैजु |
| अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य |



| | |
|---|---|
| राजेन्द्र कु.श्रेष्ठ | चेतनाथ न्यौपाने |
| सदस्य | सदस्य |

## प्रदेश नं. ४



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| शान्ति गुरुङ | ओमकार आचार्य | गुमानसिं बुढाथोकी | पवन पौडेल | अमित विके | रत्नकुमार श्रेष्ठ | पदम ब. छन्त्याल | भक्ति प्र.तिमिल्सिना | तिर्थ ब.केसी |
| अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य |

## प्रदेश नं. ५



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| केपी घिमिरे | राजु खरेल | संगीत बस्याल | कृष्णभक्त गिरी | इन्द्रकुमार श्रेष्ठ | बालकृष्ण पाण्डे | पुरुषोत्तम सुवेदी | सन्तोष शर्मा | वामदेव देवकोटा |
| अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य |



| | |
|---|---|
| चेतकान्त भट्टराई | मुक्तिनाथ पौडेल |
| सदस्य | सदस्य |

## प्रदेश नं. ६



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रमेश कु.गौतम | गोरख ब.थापा | चक्र ब. केसी | अमरराज पुन | लोकेन्द्र केसी | सूर्यप्रकाश कँडेल | हरिप्रसाद डाँगी | पदमबहादुर मल्ल | जनराज शाही |
| अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य |



| | |
|---|---|
| कमलबहादुर बुढा | सन्तोष घर्तीमगर |
| सदस्य | सदस्य |

## प्रदेश नं. ७



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| दीर्घराज उपाध्याय | जनकराज भण्डारी | कर्णबहादुर चन्द | केशवदत्त भट्ट | बुद्धि प्र. खनाल | कमलराज जोशी | माधवसिंह धामी | शंकर थापा | नरेशसिंह धामी |
| अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य |

सामुदायिक रेडियो प्रसारक संघद्वारा संचालित

# सामुदायिक सूचना नेटवर्क (सीआईएन) को सांसद र जनता जोड्ने साप्ताहिक सम्वाद शृङ्खला












**प्रसारण समय :**

**हरेक बिहीवार साँझ ७:३० बजे र शुक्रबार**

**बिहान ६:३० बजे देशभरका सामुदायिक रेडियोहरूबाट**